का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ जेठ २०८१,
आइतबार
9 June 2024,
Sunday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ११७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# मन माङ्दै माधव

प्रधानमन्त्री प्रचण्डले सत्ता समीकरण बदल्दा आफूसँग छलफल नगरेको भन्दै प्रधानमन्त्री प्रचण्डसँग मन दुखाएका एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल यूटर्न भएका छन् । प्रचण्ड-माधव नजिकिएसँगै सत्ता राजनीति एकहदसम्म प्रष्ट भएर अगाडि बढ्न खोजेको नेताहरु बताउँछन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

नेपाली कांग्रेससँगको सत्ता गठबन्धन बदल्दा आफूसँग प्रयाप्त छलफल नगरेको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग मन दुखाएका एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल युटर्न भएका छन् ।

विभिन्न प्रदेशमा सम्मानजनक सहभागिता, सुदुरपश्चिम प्रदेश सरकारको नेतृत्व जस्ता विषय प्रचण्डकै कारण प्राप्त भएको भन्दै अध्यक्ष नेपालले पार्टी बैठकमा प्रचण्डको प्रशंसा गरे ।

शनिबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा कोशी कमिटीले आयोजना गरेको प्रशिक्षणमा बोल्दै अध्यक्ष नेपालले अब आफूहरु प्रष्टसँग वर्तमान सत्तागठबन्धनमा रहेर अगाडि बढ्ने बताए । कांग्रेस, जसपा नेपाल सहितका दलले पुरानै गठबन्धन कायम राख्न प्रस्ताव गरेको तर आफूले प्रदेश र केन्द्रमा एउटै गठबन्धनमा रहनु उचित हुने भएकाले मधेश प्रदेशमा मुख्यमन्त्री पदको प्रस्ताव अस्वीकार गरेको बताए । अध्यक्ष नेपालले प्रधानमन्त्री प्रचण्डको भूमिका सकारात्मक रहेको बताए ।

'कमरेड प्रचण्डको भूमिका सकारात्मक रुपमा लिएका छौं । उहाँले मधेश प्रदेशको बारेमा एक जना मन्त्री थप्ने भूमिकामा, बागमतीमा पनि मन्त्रीलाई पोर्टफोलियो दिने कुरामा, सुदूरपश्चिम प्रदेशमा पनि मुख्यमन्त्री दिन उहाँले नै भन्नुभयो ।

>>> पृष्ठ २ मा

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,
- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रदेश सरकारबारे सत्ता गठबन्धनमा सकस**

# मधेशमा कुरा मिल्यो, सुदूरपश्चिममा बाँकी

संघीय सत्ता गठबन्धनअनुसार प्रदेश सरकार हेरफेरको प्रयासमा रहेको सत्ता गठबन्धन आन्तरिक र बाह्य दुबैमा सकस व्यहोरिरहेको छ । तथापि, नेताहरुको प्रयासले मधेश सरकार फेरिएको छ । तर सत्ता गठबन्धनमा रहेका दलहरुले मन्त्री नपठाउँदा एकीकृत समाजवादीले नेतृत्व गरेको सुदूरपश्चिम प्रदेश सरकारले पूर्णता पाउन सकिरहेको छैन ।

**सुनिल आउजी / मध्यान्ह**
धनगढी, २६ जेठ ।

सुदूरपश्चिम प्रदेश सरकार ५२ दिनसम्म बिस्तार हुन सकेको छैन । सत्ता गठबन्धनमा आवद्ध नेकपा एमाले र माओवादी केन्द्रले मन्त्री नपठाउँदा एकीकृत समाजवादीले नेतृत्व गरेको सुदूरपश्चिम प्रदेश सरकारले पूर्णता पाउन नसकेको हो ।

एमाले, माओवादी, नागरिक उन्मुक्तीका दुई सांसद र स्वतन्त्र सांसदको समर्थनमा मुख्यमन्त्री बनेका एकीकृत समाजवादीका दीर्घ सोडारीले नागरिक उन्मुक्तीका दुई जना बाहेक अरुलाई सरकारमा सहभागी गराउन सकेका छैनन् ।



मन्त्रालयको भागबन्डाका लागि अन्य प्रदेशमा एकीकृत समाजवादीको भूमिकालाई लिएर सत्तारुढ दलहरुले आशंका गर्दा मुख्यमन्त्री सोडारीलाई सरकार विस्तारमा सकस भएको हो ।

आफूहरुमाथि त्यस्तो शंका गर्न आवश्यक नरहेको एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बताउँछन् । आफूहरु मधेश प्रदेशमा सत्ता गठबन्धनको निर्णयमा सहमत भएको र यो नै विश्वासको आधार भएको उनको भनाइ छ ।

शनिबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा कोशी कमिटीले आयोजना गरेको प्रशिक्षणमा बोल्दै अध्यक्ष नेपालले कांग्रेस, जसपा नेपालसहितका दलले पुरानै गठबन्धन कायम राख्न प्रस्ताव गरेको तर आफूले प्रदेश र केन्द्रमा एउटै गठबन्धनमा रहनु उचित हुने भएकाले मधेश प्रदेशमा मुख्यमन्त्री पदको प्रस्ताव अस्वीकार गरेको बताए ।

'मधेश प्रदेशमा हामीलाई मुख्यमन्त्री दिन प्रस्ताव आयो । यही पुरानै गठबन्धनमा बस्नुस्, मुख्यमन्त्री लिनुस् । हिजो आइदिएको भए कति राम्रो हुन्थ्यो । बिहान पनि त्यही फोन, बेलुका पनि त्यही फोन आउँछ । केन्द्रमा एउटा र प्रदेशमा अर्को सरकारमा बस्नु उपयुक्त हुँदैन भन्ने हामीले सोच्यौं' नेपालले भने ।

मधेश प्रदेशमा एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीसहितको समर्थनमा जनमत पार्टीका सतिश सिंह मुख्यमन्त्री भएका छन् । मधेशमा कुरा मिलेता पनि सुदूरपश्चिम प्रदेशमा भने

>>> पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

# म्यानपावर पनि उल्टै ठगिन्छन् कामदारबाट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ

सुरक्षागार्डको रोजगारीमा ६ महिनाअघि यूएई गएका पाल्पाका नवीन पाण्डे तोकिएअनुसारको काम र तलब नपाएको भन्दै परिवारमार्फत वैदेशिक रोजगार विभागमा उद्धारको निवेदन दर्ता गराएर म्यानपावर कम्पनीले दिएको हवाई टिकटमा स्वदेश फर्के । उनी फर्केको केही दिनपछि तनहुँ आबुँखैरेनीका अर्जुननरसिंह रानाभाट पनि श्रीमतीमार्फत सोही प्रकृतिको उजुरी विभागमा दर्ता गराएर आफूलाई पठाउने म्यानपावर कम्पनीबाट जहाज टिकट मगाएर स्वदेश फर्किए ।

यूएईमा सुरक्षागार्डको काम गर्दा केही कमाएको र आफूलाई स्वदेश फर्काए म्यानपावर कम्पनीविरूद्ध थप केही दाबी नगर्ने पाण्डेको शुरूको भनाइ थियो । तर म्यानपावर कम्पनीले भिसा रद्द गर्ने रकम, जरिवाना र जहाज टिकट पठाएर स्वदेश फर्किएका पाण्डे नेपाल आएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टीको पहुँच तथा प्रभाव प्रयोग गरेर घर नै नगइ क्षतिपूर्तिको माग लिएर म्यानपावर कम्पनीविरूद्ध निवेदन दर्ता गराउन ताहाचलस्थित वैदेशिक रोजगार विभाग गए ।

वैदेशिक रोजगारमा गएका केही कामदार कमसल कम्पनी परेमा समस्यामा पर्ने गर्छन् । तर पाण्डे समस्यामा थिएनन् । उनी यूएईको रोजगारीबाट करार अवधि पूरा नगरी जसरी भएपनि नेपाल फर्किएर नेपालबाट युरोपेली मुलुक जान चाहन्थे । विभिन्न बहाना बनाएर म्यानपावर कम्पनीलाई हतियार बनाएर उनी स्वदेश फर्किन सफल भए । दबाब दिएर म्यानपावर कम्पनीबाट राम्रै रकम हात पनि पारे ।

पछिल्ला दिनमा रानाभाट र पाण्डेजस्ता वैदेशिक रोजगारमा गएका कामदारले काम गर्न मन नलागेपछि बहाना बनाइ परिवार, आफन्त प्रयोग गरी जसरी पनि नेपाल फर्काइदिन विभागमा उजुरी हाल्ने गरेका छन् । त्यसका लागि उनीहरूले आफ्नो निर्वाचन क्षेत्रको सांसद, मन्त्री र सचिवको पहुँच र प्रभावको दुरूप्रयोग गर्ने गरेको वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन् । हालै नमस्ते नेपाल म्यानपावर प्रा.लि.ले 'माथिको चर्को दबाब'का भरमा करिब ३८ लाख रूपैयाँ करार अवधिमै स्वदेश फर्केकाहरूलाई दिनुपरेको व्यवसायीहरू बताउँछन् ।

व्यवसायी तथा कामदारका समस्या समाधानका लागि विभागमा खटिएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमिति सदस्य देउमान नेम्वाङ करार अवधिभित्र बहानाबाजी गरेर कामदार फर्केको अवस्थामा पठाउने म्यानपावर कम्पनीले सम्बन्धित कामदार र रोजगारदाता कम्पनी दुबैलाई ठूलो रकम क्षतिपूर्ति तिर्नुपर्ने बताउँछन् ।

नेम्वाङका अनुसार यूएईमा नेपाली कामदार गएको ६ महिना नपुग्दै फर्केको अवस्थामा कम्पनीअनुसार ३५ सयदेखि ८ हजार दिहराम, कतारमा भिसा चार्ज, मेडिकलको ५ सय रियाल र कर गरेर ३२ सय रियल, साउदी अरेबियामा ४ हजार रियलभन्दा बढी, मलेसियामा लेभी, इस्योरेन्स, भिसा क्यान्सिलेसन गरी ३५ सय रिँगेट र जोर्डनबाट हाउसमेड फर्केको अवस्थामा ३ लाख नेपाली रुपैयाँ बराबरको रकम कम्पनीलाई दिनुपर्ने हुन्छ ।

>>> पृष्ठ २ मा

# किसानले पाएनन् दुधको भुक्तानी

किसानको दुधको बक्यौता झन्डै ४ अर्ब रकम रहेको र यो रकम तुरुन्त भुक्तानी गर्न माग गर्दै दुग्ध उत्पादक किसानले कृषि तथा पशुपंक्षी मन्त्री ज्वालाकुमारी साहलाई ज्ञापनपत्र नै बुझाएका छन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

दुग्ध उत्पादक किसानहरुले भुक्तानी गर्न माग गर्दै कृषि तथा पशुपंक्षी मन्त्री ज्वालाकुमारी साहलाई ज्ञापनपत्र बुझाएका छन् । दुधको बक्यौता झन्डै ४ अर्ब रकम रहेको र यो रकम तुरुन्त भुक्तानी गर्न उनीहरुको माग छ ।

शनिवार विभिन्न १० वटा किसान र यससँग सम्बन्धित संघ-संस्थाले भुक्तानी माग गर्दै कृषि तथा पशुपंक्षी मन्त्री साहको ध्यानाकर्षण गरे । ज्ञापनपत्रमार्फत् दुध खरिद गरेको एक हप्ताभित्र किसानले भुक्तानी पाउने व्यवस्थाको सुनिश्चित गर्न माग गरिएको छ । नेपाली किसानले उत्पादन गरेको सम्पूर्ण दुध खरिद गरी मिल्क होलिडे सँधैका लागि अन्त गर्न र भारतबाट दुध आयात



हुने अवस्थाको अन्त्य गर्न पनि माग गरिएको छ ।

करिब ३० लाख घरपरिवार प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दुग्ध उत्पादन क्षेत्रमा संलग्न रहेको, यी मध्ये १८ लाख घर परिवारले दुधको घरायसी उपभोग तथा बिक्री दुवै गर्ने गरेको उनीहरुको भनाइ छ । करिब ५ लाख घर परिवार नियमित रूपमा दुग्ध उत्पादन र बिक्री वितरणमा संलग्न रहेको भन्दै उनीहरुले सरकारको ध्यानाकर्षण गरेका हुन् ।

लम्पी स्किन रोगको महामारीको ठुलो मारमा पशुपालक परेको पनि ज्ञापनपत्रमा छ । लम्पी स्किन रोगको महामारीको मारमा परेका पशुपालक किसान पुनः बिक्री गरेको दुग्धको बक्यौता रकमको भुक्तानी नपाउँदा ठुलो अन्यायमा परेको उनीहरुको भनाइ छ ।

ज्ञापनपत्रमा भनिएको छ, 'दुध उत्पादक किसानको करिब ४ अर्ब बक्यौता रकम दुग्ध विकास संस्थान लगायत निजी डेरी

>>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिकको
अनलाइन संस्करण



www.madhyanhadaily.com
नयाँ स्वरुपमा हेर्न नछुटाउनुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com



## लुम्बिनीमा वन व्यवस्थापन कार्यक्रम लागू

# २० अर्ब बढी राजश्व संकलन गर्ने लक्ष्य

**सरु भुसाल/मध्यान्ह**
भालुवाङ, २६ जेठ

लुम्बिनी प्रदेशमा सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम लागू भएसँगै यसको बारेमा व्यापक बहस, छलफल शुरु हुन थालेको छ ।

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयले दुई सय १७ वटा 'समृद्धिका लागि वन' भन्ने नारासहित सामुदायिक कार्ययोजनाहरु कार्यान्वयनमा ल्याइएको वनका अधिकारीहरु बताउँछन् । यो योजना लागू भएपछि लुम्बिनी प्रदेशमा करिब २६ लाख क्युफिट काठ र आठ हजार भन्दा धेरै चट्टा दाउरा उत्पादन हुने अनुमान गरिएको वन मन्त्रालय लुम्बिनी प्रदेशका सचिव मोहन काफ्लेले बताए ।

वन सम्वर्द्धन प्रणाली लागू हुनुअघि सरकारले वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अगाडि सारेको थियो । बुढा पूराना ठूला रुखहरु काट्ने, नयाँ बिरुवा उमार्ने र त्यसलाई संरक्षण गरी छिटो हुर्काउने, मलजल गर्ने, स्याहारसुसार गर्ने कामलाई सम्वर्द्धन भनिन्छ ।

यसै योजना अनुसार लुम्बिनी प्रदेशका १२ जिल्लाहरुमा फैलिएको घना जंगल, सामुदायिक वन क्षेत्रभित्र यो योजना लागू गर्दा दुई करोड ५० लाख क्युफिट भन्दा बढी काठ र ७५ हजार चट्टा भन्दा




बढी दाउरा निस्कने अनुमान गरिएको डिभिजन वन कार्यालय अर्घाखाँचीका वरिष्ठ डिभिजन वन अधिकृत ईश्वरीप्रसाद पौडेलले बताए ।

यो योजनाबाट २० अर्ब ७५ करोड सरकारलाई राजश्व आम्दानी हुने वातावरण मन्त्रालयको प्रक्षेपण छ । यसरी वन सम्वर्द्धन प्रणाली लुम्बिनी प्रदेशमा लागू हुँदा प्रदेशको समग्र विकासमा टेवा पुग्ने वन निर्देशनालय रुपन्देहीका प्रमुख दधिलाल कँडेलको दावी छ ।

कँडेल भन्छन्, 'सरकारले सोचे अनुसार यो कार्यक्रम लागू भएमा राजश्व वृद्धिसँगै नागरिकको आम्दानी पनि बढ्नेछ । विदेशबाट ७१ अर्बको काठको फर्निचर आयात भएको देखिन्छ । यो पैसा सबै नेपालमा खपत हुने र विदेश निर्यात गर्न सकिनेछ ।' देशका धेरै ठाउँहरुमा सामुदायिक वन, राष्ट्रिय वनबाट उत्पादन भएको काठ कुहिएर खेर जाने र व्यवसाय नै धरासायी हुने अवस्था आएको दीक्षा सहमिलका सञ्चालक युवा व्यवसायी हिरा केसी गुनासो गर्छन् । उनी भन्छन्,' विदेशबाट काठ आयात गर्ने अवस्था छैन, तर सरकारले भने नीति निर्माण गरेर यहाँ भएको काठ बिक्री गरेर विदेशी मुद्रा आर्जन गर्ने वातावरण बनाउँदैन । अहिले राम्रो काम शुरु गरेको छ यो स्वागतयोग्य छ ।'प्रदेश सरकारले संघीय वन ऐन, नियम तथा प्रदेशको वन ऐन, नियममा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्ने प्रावधान लुम्बिनीमा लागू गरेको लुम्बिनी प्रदेश सरकारका वन मन्त्री अर्जुन केसीले बताए ।

अहिले सामुदायिक वनहरुमा वन कार्ययोजना तयार पार्ने र कार्ययोजना तयार भएका वनहरुमा कार्यान्वयन गर्ने काम भइरहेको मन्त्री केसीले बताए ।

लुम्बिनी प्रदेशमा संरक्षित क्षेत्रमा सात लाख ८९ हजार दुई सय ७९ हेक्टर जंगल छ । यसमध्ये करिब पाँच लाख हेक्टर वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न सकिने देखिएको वनका अधिकारीहरु बताउँछन् ।

वनलाई प्राथमिकतामा राखेर सरकारले ध्यान दिनुपर्ने वरिष्ठ डिभिजन वन अधिकृत पौडेल बताउँछन् ।

'समृद्धिका लागि वन, यही अवधारणा अनुसार अघि बढेको अवस्था हो' पौडेलले भने, 'सरोकार राख्ने निकायहरुले सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन बुझ्न जरुरी छ । अनि मात्र यसलाई राम्रोसँग कार्यान्वयन गर्न सकिन्छ ।'

लुम्बिनी प्रदेशभित्र ९ लाख ७४ हजार तीन सय ८१ हेक्टर वन क्षेत्र छ । भूगोलको हिसाबले ४३ दशमलव ७२ प्रतिशत वनले ओगटेको छ । जसमध्ये सामुदायिक वनहरु चार हजार ३७ छन् । वन सम्वर्द्धन प्रणालीमा आधारित भएर व्यवस्थापन गर्दा प्रदेशको समृद्धिलाई ठूलो योगदान पुग्ने वन तथा वातावरण मन्त्रालयका सचिव काफ्लेले बताए ।

## मास्टर सेफ साह भन्छन्– 'जुम्लाको अर्गानिक खानालाई विश्वभर चिनाउनुपर्छ'

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २६ जेठ

मास्टर सेफ सन्तोष साहले जुम्लाको रैथाने खानालाई विश्वभर चिनाउनुपर्ने बताए । नेपालको खानालाई पहिचानसँग जोडेर प्रचार-प्रसार गर्दै आएका साहले जुम्लाको खानालाई संसार भर चिनाउन आवश्यक रहेको बताए । मास्टर सेफ सन्तोष साह सहतिको टिम नेपाली फुडको टिम यतिवेला जुम्ला पुगेको छ ।

खाद्य गुणस्तर अभिवृद्धिबारे सचेतना फैलाउने उद्देश्यका साथ अघि बढेको उनले बताए । 'मेहेनत नै हो हाम्रो सफलता, अनि उपलब्धी हो । अहिले जतिपनि सेफहरू छन्, उनीहरूले नेपाली खानाका परिकार बनाउन सिकाउनुपर्ने आवश्यक देखिएको छ,'उनले भने । युवाहरु कर्ममा तल्लीन हुनुपर्छ । नेपालको खाना र नेपालको पहिचानको लागि केही गरौँ भनेर मनैदेखि सोच आएको उनले बताए । उनले थपे, 'अब नेपालको खानाको गुणस्तर बढाउनुपर्छ, खानाबाट पनि सरकारले आम्दानी गर्न सक्छ । यसको लागि लगानी गर्न जरुरी छ ।'

त्यस्तै गेट कलेजका संस्थापक खेम राज लकाईले खाना कसरी हुर्कन्छ र कसरी यसको खेतीले स्थानीय समुदायहरूलाई फाइदा




पुऱ्याउँछ भन्ने बारेमा जानकारी गराएका थिए । उनले भने, 'खाना गुणस्तरीय हुन जरुरी छ । खानाको परिकारले जुम्लाको मात्र नभइन सिंगो नेपालको पहिचानलाई विश्वभर फैलाइ पर्यटन प्रवर्द्धनका निम्ति महत्वपूर्ण सहयोग पुग्नेछ ।'

उनले यसको लागि स्थानीय सरकारले खाद्य स्वाच्छता क्षेत्र लगानी गर्न जरुरी रहेको बताए । त्यस्तै पत्रकार तथा समाज सेवी मनऋषी धितालले जुम्लाको रैथाने काखाको परिकार विश्वभरका दर्शकमाझ पस्काउन जरुरी रहेको बताए । उनले मास्टर सेफ साहले लाखौँ नेपालीको मन जित्न सफल भएको बताए । हाम्रो खानाको मौलिकता र विविधतालाई विश्वमाझ चिनाउने उद्देश्यले जुम्ला आएको उनले बताए ।

त्यस्तै पातारासी गाउँपालिकाका अध्यक्ष पूर्ण सिंह बोहोराले यहाँको अर्गानिक खानाको परिकार बनाउने सीप युवालाई दिन जरुरी रहेको बताए । उनले आफ्नो पालिकमा उत्पादन हुने स्थानीय बालीहरुको प्रवर्द्धन गर्न सरकार तयार रहेको बताए । उनले हाम्रो उत्पादन बनाउने तरिका र हस्पिटालिटीको कुरा सिकाउनुपर्ने जरुरी रहेको बताए ।

त्यस्तै होटल व्यवसायिक क्षेत्रिय होटल संघ जुम्लाका अध्यक्ष दिल बहादुर महतले आन्तरिक पर्यटनको प्रमुख गन्तव्यमध्ये एक जुम्ला रहेको बताए । होटल व्यवसायहरु राम्रो सम्भावना रहेको बताए । उनले होटलमा काम गर्ने जनशक्ति उत्पादन हुन जरुरी रहेको बताए ।

मास्टर सेफ साहको टिमले जुम्ला जिल्लाको रैथाने कृषि उपजहरुको प्रवर्द्धन तथा बजारीकरणका लागि सञ्चालन हुँदै आएको शनिवारीय कृषक बजारको अवलोकन गरेको थियो । चन्दननाथ नगरपालिकाका उपमेयर रामदेवी खड्काले मास्टर सेफ साहलाई मायाको चिनो दिएर सम्मान गरेकी थिइन् ।

साह बीबीसी मास्टर सेफको फाइनल राउण्डमा पुगेका चर्चित व्यक्ति हुन् । उपमेयर खड्काले आफ्नो जुम्लाको अर्गानिक खानाका परिकारमा कला, संस्कृतिले प्रभाव पार्ने बताइन् । उनले हाम्रो गाउँका खाने कुरालाई प्रवर्द्धन गर्नका लागि स्थानीय सरकार लागि पर्ने बताइन् ।

## समुदायमा 'बुबा कक्षा' : बुहारीलाई घरको काममा सघाउनु बन्यो चन्द्र प्रसादको दैनिकी

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २६ जेठ

तीन जना छोराका बुबा रहेका चन्द्र प्रसाद थारु अहिले पनि कान्छो छोराको दुई महिने छोरीलाई हुर्काउनमा व्यस्त देखिन्छन् । बारबर्दिया नगरपालिका वडा नम्बर २ नारायणपुर गाउँका ६४ वर्षीय चन्द्र प्रसाद थारू आफ्नो फुर्सदिलो समय नाती नातिनाका स्याहार सुसार तथा छोरा बुहारीलाई सघाउँदै दिन बिताउने गरेका छन् । तीन जना छोराहरुमध्ये चन्द्र प्रसाद अहिले कान्छो छोरासँग बस्ने गरेका छन् । उनीसँगै बस्ने कान्छो छोरा जागिरे छन् । घर परिवारलाई खासै समय दिन सक्दैनन् ।

चन्द्र प्रसादकी बुहारी समेत छोरी स्याहार्ने कि घरको काम सकाउने भन्ने चिन्तामा हुन्छिन् । तर चन्द्र प्रसाद भने आफ्नो बुहारीलाई घरको काममा सघाउने गरेका छन् । नतिनीको लुगा धुने, काखमा लिएर घुमाउने खेलाउने गर्छन् भने घर गाइगोरुलाई घाँसपात, घरको सरसफाई तथा खाना पकाउने कार्यमा समेत बुहारीलाई सघाउने गर्छन् । कान्छो छोराको जेठो सन्तानको रुपमा ८ वर्षीय छोरा पनि छन्, विद्यालय पुऱ्याउने, लुगा मिलाउने, खाना खुवाइदिने लगायतका काममा समेत



चन्द्र प्रसादको अग्रसरता रहने गर्दछ ।

चन्द्र प्रसादले आफ्ना नाती नातिनाको स्यहार सुसार तथा बुहारीलाई सहयोग गर्न थालेको धेरै भएको छैन । परम्परागत विचारमै जन्मेका हुर्केका चन्द्र प्रसाद पछिल्लो समय विभिन्न निकाय एवं संस्थाहरुले दिने तालिमहरुबाट उनको यो व्यवहारमा परिवर्तन आएको हो । उनको दैनिकीमा नातिनीको स्याहारमा मात्र होइन्, बुहारीलाई समेत काममा सघाउने गरेको बताउँछन् । चन्द्र प्रसाद यस्तो जिम्मेवार हजुरबुबा, बुबा बन्न चाहन्छन् कि गाउँका अन्यले पनि सिको गरुँन । यस्तो सोच उनीमा गाउँमै सञ्चालन भएको 'बुबा कक्षा'मा सहभागी भएपछि मात्र विकास भएको हो ।

राधाकृष्ण थारु जनसेवा केन्द्र र प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित सशक्त बालिका परियोजनामार्फत सञ्चालन गरिएको अभिभावक शिक्षा अन्तर्गत 'बुबा कक्षा'ले चन्द्र प्रसादलाई यतिको जिम्मेवार हजुर बुबा बन्नमा सघाउ पुऱ्याएको उनी सुनाउँछन् । नारायणपुर गाउँको सहकारी भवनमा पुरुषहरुलाई स्वास्थ्य, महिलाको गर्भावस्था, शिशुस्याहार, बुबा हुनुको सौभाग्य लगायतका विषयमा सिकाउने बुबा कक्षामा पुगेपछि उनले धेरै कुरा बुझेको प्रष्ट पारे ।

उनी भन्छन् 'पहिले पहिलेको समयमा त छोराछोरीहरु गाउँ घरमै काम गर्दा जन्मने गर्दथे, तर अहिलेको अवस्थामा आमा गर्भवती भएसँगै पटक-पटक स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य चौकीमै लग्नुपर्ने र विभिन्न जाँच गर्नुपर्ने, पौष्टिक आहार दिने लगायतका कुरा यहि कक्षाबाट सिकेको हुँ ।' उनले अगाडि थपे, 'छोरा जागिरे छ । बुहारी घरकै काम व्यस्त हुन्छिन् । तसर्थ, म आफैँ पनि दैनिक रुपमा बुहारीलाई घरको काममा सघाउनुको साथै नाती नातिनीलाई समेत हेरचाह गर्ने गर्छु । मलाई यसमा छुट्टै आनन्दको समेत अनुभव हुन्छ ।'

बाल हेरचाहमा पुरुष संलग्नता प्रवर्द्धन गर्न समुदायमा बुबा समुह गठन गरी बारबर्दिया र ठाकुरबाबा नगरपालिकामा 'बुबा कक्षा'हरु सञ्चालन गरिएको छ । सशक्त बालिका परियोजना अन्तर्गत बालबालिकाको हेरचाह र घरको जिम्मेवारीहरुमा बुबा अर्थात् पुरुष अभिभावकहरुको संलग्नतालाई बढावा दिने उद्देश्यले बुबा समुहलाई कक्षा सञ्चालन गरिएको सशक्त बालिका परियोजनाका परियोजना संयोजक मनोज पौडेलले बताए । उनका अनुसार बारवर्दिया र ठाकुरबाबा नगरपालिकामा १६ वटा 'बुबा कक्षा'हरु सञ्चालनमा छन् ।

प्लान इन्टरनेशनल नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रको साझेदारीमा बर्दियाको बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरुवा गाउँपालिका र राजापुर नगरपालिकामा सन् २०२३ जुलाई देखि सशक्त बालिका परियोजना सञ्चालित छ । परियोजनाले बालबालिकाको प्रारम्भिक अवस्थादेखि उनीहरुको सर्वाङ्गिण विकासका क्षेत्रमा कार्य गर्दै आइरहेको छ ।

## विप्लव निकट नेकपाले राष्ट्रिय स्वाधीनताबारे बहस गर्ने

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २६ जेठ

विप्लव निकट नेकपाले नेपालको राष्ट्रिय स्वाधीनताका चुनौती, सी संस्कृति र अर्थतन्त्रमा एकीकृत स्वामित्वको मोडलबारे बझाङका स्थानीय तहहरुमा बहस सञ्चालन गर्ने भएको छ । नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति बझाङको शुक्रबार सम्पन्न छैटौं बैठकद्वारा नेकपाले अघि सारेको सी संस्कृति उक्त विषयमा स्थानीयस्तरमा समेत बहस गर्ने निर्णय गरेको हो ।

मुलुकको स्वाधीनतामाथि भू-राजनीतिक चुनौती मडारिँदै




गएको, समाजमा जात व्यवस्थामा आधारित विभेद र उचनिचको संरचना यथावत् रहेको र देशको अर्थतन्त्रको परम्परागत मिश्रित प्रणालीले समेत राष्ट्रिय पुँजी निर्माण हुन नसकेको बेला नेकपाले बहस गर्न लागेको हो ।

जिल्ला समिति सचिव प्रविन सीको अध्यक्षता, नेकपा स्थायी समिति सदस्य एवम् सुदुरपश्चिम प्रदेश इन्चार्ज भरत सीको प्रमुख आतिथ्यता र जिल्ला इन्चार्ज भरत सीको विशेष उपस्थितिमा भएको बैठकले देशभक्त, समाजवादी, वामपन्थी र कम्युनिस्ट एवम् माओवादी धाराहरुबीच विचार, कार्यक्रम, सिद्धान्त र समाजवादी आन्दोलनका तत्कालीन कार्यभारबारे छलफल, बहस गर्दै एकताका लागि पहल गर्ने निर्णय समेत गरेको छ । त्यस्तै बैठकले सुशासन, समृद्धि, जनअधिकार तथा सामाजिक न्यायका पक्षमा तथा एम.सी.सी.विरुद्ध संघर्ष गर्ने, भ्रष्टाचारी, मिटरब्याजीलाई कारबाही गर्ने, महंगी, महिला हिंसा, जातीय विभेद, मानव तस्कर, लागुऔषध दुर्व्यसनी र ठगी धन्दा चलाउनेलाई कारबाही गर्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । नेकपा बझाङले संगठन सुदृढीकरण तथा जनसम्बध विस्तार अभियानलाई जिल्लामा प्रभावकारी बनाउने, बजेट दुरुपयोग, अनियमितता, पक्षपात, साधनस्रोतको दुरुपयोग लगायत तमाम जनविरोधी हर्कतविरुद्ध संघर्ष गर्ने, पार्टीको आत्मनिर्भर उत्पादन सम्बन्धी नीतिलाई कार्यान्वयन गर्ने समेत निर्णय गरेको छ ।

## पंचम अधिकारीको 'प्रवासीको देश हुन्न' सार्वजनिक

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २६ जेठ

बेल्जियम निवासी आख्यानकार पंचम अधिकारीको दोस्रो कृति 'प्रवासीको देश हुन्न' कथासंग्रह सार्वजनिक भएको छ । शिखा बुक्सले प्रकाशन गरेको अधिकारीको उक्त कृति हालै सार्वजनिक भएको हो ।

भर्खरै बजारमा आएको 'प्रवासीको देश हुन्न' कथासंग्रहमा घरदेश र परदेशका परिवेशमा बुनिएका १४ कथाहरूको सँगालो रहेको छ । युरोपको सेरोफेरोमा रहेर लेखिएको यस संग्रहका कतिपय कथाहरूमा मातृदेशको याद, युवावस्थाको पुरानो सम्झना र बहुसंस्कृतिवाद एवं विश्वबन्धुत्त्वको



परिष्कृत प्राणीदेखि सपनाजस्तै परिदृश्यहरू र सप्तरङ्गी समग्रताको निष्ठामा बाँच्नेहरूको कहानी छ ।

अमेरिकामा हुर्केको नेपाली बच्चाले नेपाल फर्कँदा कायम राखेको 'सानो सेक्रेट', न्युयोर्कबाट फर्केकी अधबैंसे ब्युटिसियन 'नेहा' को बच्चा पाउने रहर, हाइस्कुले आइकन 'लोकल हिरो', गुन्डासँगको प्रेम र ब्रेक-अपमा 'घातक आकर्षण', काठमाडौं एयरपोर्टमा 'प्रवासीको देश हुन्न' भन्ने आत्मज्ञान, प्रवासमा महिलाको यौन शोषण 'तिम्रो लोग्ने खै ?', राजा महाराजाको कथा भन्ने रखौटी 'पिकासो केटी', एक होनहार प्रतिभाको अन्त 'यो बर्बादी', प्रेममा आत्म-खोज गर्दै 'इपीसेन्टर पालुङटार', तिमी संबोधनमा कथिएको यौनकथा 'तिम्री स्वास्नी', ढोंगी जीवनको मनोब्लग 'इडियट' लगायतका कथाहरू यस संग्रहमा समेटीएका छन् ।

पारम्परिक रूपमा लेखिँदै आएका नेपाली आख्यानको प्रवृत्ति विपरित अधिकारीका कथाहरू अतियथार्थवाद र यदाकदा जादुई यथार्थवाद एवं मेटा फिक्सनको मिश्रित प्रयोग गर्दै बोधगम्य शैलीमा लेखिएको पाइन्छ । पप-संस्कृति र मिडियाको व्यापक प्रभावले निथ्रुक्क भिजेको समाजमा मानवीय विडम्बना र संवेदनाहरूलाई केलाउँदै कथा लेखनको नयाँ आयाम देखाउने जमर्को यस कृतिले गरेको छ । पुस्तकको प्रमुख वितरक ज्ञानज्योति पुस्तक पसल अद्वैतमार्ग, काठमाडौं रहेको छ । पुस्तकको मूल्य नेपालमा ४२५ रुपैयाँ र विदेशमा सात युरो वा डलर राखिएको छ । आख्यानकार अधिकारीको यसअघि 'पथिक प्रवासन' उपन्यास प्रकाशित छ ।

### मन...

उहाँले खेलेको भूमिका पोजेटिभ छ', उनले भने ।

प्रचण्ड-माधव नजिकिएसँगै समाजवादी मोर्चालाई अगाडि बढाउने गृहकार्यमा समेत नेताहरु लागेका हुन् । अध्यक्ष नेपालले नै समाजवादी मोर्चा पुनःगठन गरेर अगाडि बढ्ने बताए ।

'समाजवादी मोर्चाका संयोजक विप्लव सकारात्मक हुनुहुन्छ, प्रचण्ड, अशोक राई, महिन्द्रराय यादव समूह सकारात्मक देखिनुभएको छ । उपेन्द्रजीलाई पनि सोध्ने प्रयासमा छौं । हामी छिटै अर्को समाजवादी मोर्चा, समाजवादी मोर्चाको पुनःगठन गरेर कति घटक हुन्छन्, सहकार्य गरेर जानेछौं' अध्यक्ष नेपालले भने । वातावरण सहज बनाउन समाजवादी मोर्चाका संयोजक विप्लवको दौडधुप समेत बढेको छ ।

२०८० असार ४ गते चार दल नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा नेपाल र विप्लव नेतृत्वको नेकपाको सहभागितामा समाजवादी मोर्चा गठन भएको थियो । मोर्चाबन्दी गरेका यी चार दलभित्रकै एक जसपा नेपाल गत बैशाख २४ गते विभाजित हुन पुगेको छ ।

जसपा विभाजनको आरोप मोर्चाकै शीर्ष नेतामाथि लागेपछि यसको भविष्यलाई लिएर कतिपयले प्रश्न उठाइरहेका बेला एकीकृत समाजवादीका अध्यक्ष नेपालले पुनः अगाडि बढ्ने बताएका हुन् । मोर्चाका विप्लवले गत बुधबार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँग भेट गरेका थिए । उक्त भेटमा मोर्चालाई पुनः सक्रिय बनाउन छलफल गरेका थिए । तर उनको प्रस्तावलाई उपेन्द्र यादवले सिधै नकार्दै यसको औचित्य सकिएको बताएका थिए ।

निर्वाचन आयोगले अशोक राईको नेतृत्वमा नयाँ दल दर्ता गरेपछि सर्वोच्च अदालतमा अध्यक्ष यादवले रिट दायर गरेका छन् । उनको रिटमाथि अन्तरिम आदेश जारी गर्दै सर्वोच्चले दल दर्ता सम्बन्धी निर्णय प्रक्रिया यथास्थानमा राख्न निर्देशित गरेको छ ।

### मधेशमा...

विश्वासको वातावरण अझै नबनेको हो ।

नेताहरुका अनुसार मुख्यमन्त्री सोडारीले एमाले सरकारमा सहभागी नभए माओवादी र स्वतन्त्र सांसदलाई लिएर सरकार विस्तार गर्ने तयारी थालेका छन् ।

शुक्रवार मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा सत्ता गठबन्धनको बैठकमा पनि मुख्यमन्त्री सोडारीले सरकारलाई पूर्णता दिन आग्रह गरेका थिए । तर, एमालेले त्यहाँ पनि तत्काल सरकारमा सहभागी हुने अवस्था नरहेको बताएको छ ।

'माओवादीले सरकार विस्तारमा तीव्रता दिन ताकेता गरेको थियो एमालेले अझै सरकारमा सहभागी हुने नीति नरहेको जानकारी गराएको छ'बैठकमा सहभागी एक नेताले जानकारी दिए ।

एमाले सांसद धर्म पाठक पनि अहिलेसम्म पार्टी सरकारमा सहभागी हुने बारे कुनै निर्णय नभएको बताउँछन् ।

'हामीले पहिले नै सरकारलाई समर्थन गर्ने विश्वासको मत दिने तर, तत्काल सरकारमा सहभागी नहुने निर्णय गरेका थियौं । त्यसपछि सरकारमा जाने भनेर अर्को निर्णय भएको छैन्' उनले भने ।

केन्द्रबाट सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी हुने बारे कुनै सुझाव नआएको पनि उनले बताए ।

'माओवादी सरकारमा सहभागी हुन तयार भएको देखिन्छ एमालेले केन्द्रमा छलफल र परामर्श गर्ने जनाएको छ' नेकपा एकीकृत समाजवादी संसदीय दलका उपनेता प्रकाश रावलले भने, 'केन्द्रमा मन्त्रालयको भागबन्डा मिल्दासाथ यता सरकार विस्तार हुन्छ ।'

मुख्यमन्त्री कार्यालयको बैठकमा सहभागी माओवादी सांसद शिवसिंह ओलीले आफ्नो पार्टीबाट मन्त्री हुनेहरुको नाम नआएको कारण पार्टी सरकारमा सहभागी नभएको बताए ।

'अहिलेसम्म सरकार विस्तारले पूर्णता पाइसक्नुपर्ने हो । बजेट निर्माण गर्ने बेला सरकार निर्माणमा अल्झिने कुरा ठिक होइन अर्को कुरा एमाले सरकारमा सहभागी नहुँदा माओवादी पनि नहुने भन्ने हुँदैन' उनले भने 'हाम्रो पार्टीबाट मन्त्रीको नाम नआएको हुँदा ढिलाइ भएको हो ।'

मुख्यमन्त्री सोडारीले माओवादी र स्वतन्त्रलाई भएपनि सरकारमा ल्याउन प्रयास गरिरहेका बेला स्वतन्त्र सांसद तारा जोशीले भने अहिले नै आफूले मन्त्री भइहाल्ने विषयमा कुनै निर्णय नगरेको बताउँछन् ।

'म सत्ता पक्षमा छु, विश्वासको मत दिएको छु सरकारलाई समर्थन गरेको छु तर, मन्त्री हुने कुरामा कुनै निर्णय गरेको छैन्' उनले भने ।

केन्द्रमा सत्तागठबन्धनबीच मन्त्रालयको भागबन्डा टुंगो नलाग्दा पनि प्रदेश सरकार विस्तारमा ढिलाइ भएको हो । 'कुन मन्त्रालय कुन पार्टीलाई पर्ने हो त्यो टुंगो लागेको छैन त्यो टुंगिएको भए सरकारमा सहभागी हुने दलहरूबाट मुख्यमन्त्रीले मन्त्री नियुक्त गर्नुहुने थियो' मुख्यमन्त्री निकट स्रोतले भन्यो, 'हिजो पनि त्यहि विषयमा छलफल भएको हो ।'

### म्यानपावर...

नेम्वाङले भने, 'एकातिर कम्पनीलाई ठूलो परिणामको क्षतिपूर्ति तिर्नुपर्ने अवस्था छ भने अर्कोतिर कम्पनीसँगको सम्बन्ध बिग्रने र समस्या समाधान नगरे विभागले एलटी रोक्ने भयले व्यवसायी ठूलो तनावमा पर्ने अवस्था छ ।'

नेपाल फर्केपछि परिवारका सदस्य, नेता, मन्त्री र सचिवको शक्तिको आडमा विभागमा क्षतिपूर्तिको उजुरी दर्ता गराउने र क्षतिपूर्तिका लागि वैदेशिक रोजगार ऐनको कडा कानूनी प्रावधानलाई समाएर म्यानपावर कम्पनीलाई अनुचित दबाब दिने क्रम बढेको संघको विभाग समन्वय समिति संयोजक तथा संघका सचिव कर्णराज कटुवाल बताउँछन् । उनले भने, 'विभागले पनि वास्तविकता बुझ्न छोडेर कामदारले समस्या नपरी उजुरी गर्दैन, विदेशमा अलपत्र पर्न दिनु पनि हुँदैन भन्दै नरम दृष्टिकोण राख्दा करार अवधिभित्र बहानाबाजी गरेर फर्किने कामदारको संख्या बढेको छ ।'

यसअघि यूएईमा बाइक राइडरको काममा गएका ठूलो संख्याका कामदारलाई विभिन्न म्यानपावर कम्पनीले यस्तै राजनीतिक तथा प्रशासनिक दबाबमा स्वदेश फर्काएर क्षतिपूर्ति भन्दै ठूलो रकम दिएका थिए । करार अवधि नसकिँदै कामदार फिर्ता गर्दा भिसा शुल्क म्यानपावर कम्पनीले तिर्न बाध्य हुने र नतिरे रोजगारदाता कम्पनीसँग सम्बन्ध बिग्रिने भएकाले व्यवसायी चेपुवामा परेको नेम्वाङले बताए ।

वैदेशिक रोजगार ऐनले विदेशमा कामदारले काम र तलब नपाएको अवस्थामा त्यो रकम म्यानपावर कम्पनीको दायित्वभित्र पर्ने व्यवस्था गरेको छ । व्यवसायीहरू करार अवधिमै फर्किने कामदारले सिर्जना गर्न सक्ने सम्भावित तनावबारे जानकार नै नभएका भने होइनन् । तर वैदेशिक रोजगारीमा गएको कामदारले कम्पनी व्यवस्थापकलाई धम्की दिने, आन्दोलन गर्ने वा काम छोड्न दबाब दिने उद्देश्यले समूह बनाउने गर्न थालेपछि म्यानपावर कम्पनीले एउटा कामदार नेपाल फर्किंदा केही फरक पर्दैन भन्ने ठानेर स्वदेश फर्काउने गरेका छन् । तर त्यसको मूल्य चर्को परिरहेको नेम्वाङको भनाइ छ ।

थ्री ब्रदर्स ह्युमन रिसोर्स प्रा.लि.ले पनि केही दिनअघि यस्तै समस्या झेल्नुपरेको संचालक बिनय तिमिल्सिनाले मध्यान्हलाई बताइए । बहानाबाजी गरेर क्षतिपूर्ति माग्दिनँ भन्दै स्वदेश फर्काउन अनुरोध गर्ने, तर स्वदेश फर्किनसाथ क्षतिपूर्तिका लागि उजुरी हाल्ने व्यक्तिका बारेमा व्यवसायीले सामाजिक सञ्जालमा बनाइएका ग्रुपमार्फत जानकारी शेयर गरेर सचेत हुने र सचेत गराउने क्रम भने शुरूवात गरेका छन् ।

### किसानले ...

उद्योगहरूले भुक्तानी गरेका छैनन् । यो भनेको किसानमाथि सरकारी तथा निजी दुवै क्षेत्रको गरिएको ज्यादती नै हो ।'

किसानहरुले उत्पादनको आधारमा दूधमा दिइँदै आएको अनुदान पुनः सञ्चालन गर्न माग गरेका छन् । सहुलियत कृषि ऋण र पशु बिमाको प्रिमियममा दिइने अनुदानको परिणाममुखी कार्यान्वयन गर्न पनि भनेका छन् । नेपाललाई खोरेत रोग मुक्त घोषणा गरी दूध तथा दुग्धजन्य उत्पादनहरू अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था गर्नुपर्ने, भारतबाट दूध आयात भइरहेको भन्ने विषयमा प्रभावकारी अनुगमन, छानबिन गरी आयात बन्द गर्नुपर्ने पनि उनीहरुको माग छ । पाउडर दूध उत्पादन गर्ने मिलहरू पूर्ण क्षमतामा सञ्चालन गरी उत्पादित कच्चा दुग्ध सबै खपत गर्नुपर्ने, नेपालमा सबै किसिमका दुग्ध पदार्थहरूको आन्तरिक खपत आन्तरिक उत्पादनबाटै गर्ने अनिवार्य व्यवस्था गर्नुपर्ने पनि उनीहरुको माग रहेको छ ।


## धनगढी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धनगढी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### सम्बन्धित व्यवसायी/फर्मलाई जानकारी गराएको सम्बन्धमा

**सूचना प्रकाशित मितिः २०८१।०२।२७**

यस धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको आ.व. २०७९।०८० अन्तर्गतको "Supply, Delivery, Installation Testing and Commissioning of Smart Street Light" को ठेक्का नं. 039/DSMC/2079/080 को कार्य "श्री ड्राईभ इलेक्ट्रोनिक्स प्रा.लि. बालाजु, काठमाण्डौ"बाट जडान गरिएका स्मार्ट स्ट्रिटलाईट कार्यालयले माग गरेको स्पेसिफिकेसन अनुसार नभएको हुँदा कार्यालयले स्वीकार गर्न योग्य नभएका कारणले उक्त फर्मलाई पटक पटक लिखित तथा मौखिक रुपमा जानकारी गराई स्पेसिफिकेसनमा तोकिए बमोजिमको गुणस्तरिय स्मार्ट स्ट्रिटलाईट जडान गर्नका लागि आदेश गर्दा समेत अटेर गरी पुनः अर्को पटक समेत तोकिएको भन्दा फरक स्पेसिफिकेसनको स्मार्ट स्ट्रिटलाईट जडान गरिएको देखिएको हुँदा यसै पत्रिका मार्फत सार्वजनिक सूचना जारी गरिएको छ । सूचना जारी गरिएको मितिले ३० दिनभित्र कार्यालयबाट तोकिएको स्पेसिफिकेसन बमोजिमको गुणस्तरिय स्मार्ट स्ट्रिटलाईट जडान गर्न हुन जानकारी गराईन्छ अन्यथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उप-दफा १ (ग) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ (१) मा रहेको कानूनी प्रावधान अनुसार कालोसूचीमा समावेश गर्न आवश्यक कार्वाहीका लागि सार्बजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस प्रक्रिया अगाढी बढाईने व्यहोरा जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# गौतमबुद्ध विमानस्थलको ‘भूमिस्थ’ प्रबन्धको जिम्मा निजी कम्पनीलाई पनि दिन सकिन्छः मन्त्री तामाङ

**काठमाडौं / मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री हितबहादुर तामाङले भैरहवास्थित गौतमबुद्ध अन्तरर्राष्ट्रिय विमानस्थलको भूमिस्थ प्रवन्ध (ग्राउण्ड ह्याण्डलिङ) सेवा सञ्चालन निजी वायुसेवा कम्पनीहरुलाई पनि दिन सकिने धारणा राखेका छन् ।



अठोट नेपाल र उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पर्यटन विकास समितिको संयुक्त आयोजनामा शनिबार आयोजित दोस्रो राष्ट्रिय पर्यटन सम्मेलन तथा फोटो प्रतियोगिता, २०२४ को उद्घाटन गर्दै मन्त्री तामाङले सो धारणा राखेका हुन् ।

‘हाल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ नेपाल वायु सेवा निगमले गरिरहेको छ, तर अन्तर्राष्ट्रिय उडानको मान्यता पाएका निजी विमान कम्पनीले यस विमानस्थललाई आधार बनाएर नियमित उडान सुरु गरेमा त्यो जिम्मेवारी दिन सकिन्छ’, उनले भने ।

यसका लागि नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली २०७८ को नियम पाँच दशमलव दुई बमोजिम प्रक्रिया शुरु गर्न प्राधिकरण व्यवस्थापनलाई स्वीकृति प्रदान गरिएको पनि मन्त्री तामाङले जानकारी दिए । यसरी निजी विमान कम्पनीलाई पनि प्रतिस्पर्धा गराएर सेवा शुरु गर्दा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सोझै अन्तर्राष्ट्रिय उडान बढाउन सकिने उनले विश्वास व्यक्त गरे । पर्यटन क्षेत्रमा देखिएको समस्या समाधान गर्न राज्यले नीतिगत सुधार गर्नुपर्ने, व्यवसायीहरुलाई उत्साहित बनाउनुपर्ने आवश्यकता रहेको भन्दै उनले अब यसमा सरकारले काम गरिरहेको बताए ।

# जिल्ला अस्पताल अर्घाखाँचीको सुविधा सम्पन्न अत्याधुनिक भवन बन्ने

**सुर्य प्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, २६ जेठ



अत्यन्तै पुरानो जीर्ण भवनबाट सेवा दिइरहेको जिल्ला अस्पताल अर्घाखाँचीको स्वरुप फेरिने भएको छ । जिल्ला अस्पतालको नयाँ भवन अब अत्याधुनिक सुविधासहित ५० शय्याको निर्माण हुन लागेको हो ।

करिब ४८ करोड रुपैयाँ लागतमा तयार हुने आधुनिक भवनको निर्माण कार्य शुरु गर्नका लागि नक्सा बनाउने सम्बन्धित सरोकारवालासँग छलफल गर्नेजस्ता कामहरु पूरा गरी अब टेन्डर निकाल्ने तयारी गरिएको संघीय आयोजना कार्यान्वयन इकाइ सिद्धार्थनगर रुपन्देहीका आयोजना प्रमुख धर्मेन्द्र पन्थीले बताए । पन्थीका अनुसार मास्टरप्लान बनाएर दुई चरणमा अस्पतालको भवन निर्माण गर्नुपर्ने भएकाले सोहीअनुसार पहिलो चरणमा मुख्य अस्पताल, सीएससी भवन, क्यन्टिन र प्रशासनिक भवनसहित चार वटा अलग अलग भवन तयार गर्ने गरी नक्सा तयार भएको छ ।

पहिलो चरणमा पार्किङसहितको ल्याण्ड स्केपिङ, फोहोरमैला व्यवस्थापनसहितको अस्पताल भवन बन्ने छ भने दोस्रो चरणमा कर्मचारीहरुको आवासलगायतका अन्य भवनहरु बन्नेछ । तर हाल पहिलो चरणको निर्माण कार्य मात्र संघीय सरकारले अगाडि बढाउन लागेको आयोजना प्रमुख पन्थीको भनाइ छ ।

भवन बनाउनका लागि अस्पताल प्रशासनसँग छलफल गरी प्राप्त सुझाव समावेश गरिने भएको छ । शहरी विकास तथा भवन निर्माण विभाग, सीएलपीआईयुअन्तर्गत यसको बजेट संघीय सरकारको हुने र प्राविधिक पाटो एफपीआईयु रुपन्देहीले निर्वाह गर्ने उपसचिव इन्जिनियर पन्थीले बताए । तीन वर्ष अर्थात २०८४ असोज मसान्तसम्म भवन तयार भएर हस्तान्तरण हुनेसमेत आयोजना प्रमुख पन्थीले दाबी गरे ।

लामो समयसम्म १५ शय्याको मात्र रहेको जिल्ला अस्पताल अर्घाखाँची अहिले ५० शय्यामा स्तरोन्नति भएको र ५० शय्याका लागि आवश्यक जनशक्ति र उपकरण राख्न भवन नभएको गुनासो धेरै आउन थालेपछि सरोकारवालाले पहल गरेपछि अस्पतालको आधुनिक भवन निर्माण हुने भएको हो । भवन निर्माण भएपछि जनशक्ति र उपकरणसमेत थप हुनेछ ।

अस्पतालमा बिरामी राख्ने ठाउँ नहुँदा उपचारमा निकै समस्या हुने गरेको थियो । अब नयाँ भवन निर्माण भएपछि बिरामीसँगै आफूहरुलाई पनि सेवा प्रवाहमा सहजता आउने जिल्ला अस्पताल अर्घाखाँचीका प्रमुख डाक्टर जगन्नाथ तिवारीले बताए ।

आयोजना कार्यान्वयन इकाइ प्रमुखको रुपमा आएका कार्यालय प्रमुख उपसचिव इन्जिनियर पन्थी बुटवल सभाहल निर्माणलगायत गुणस्तरीय काम गराउन सफल विवाद रहित इन्जिनियर हुन् ।

# कतारमा नेपाली कला, संस्कृतिको जगेर्नामा सक्रिय तमु महिला विभाग

**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा कतार, २६ जेठ



तमु (गुरुङ) समाज कतारको संरक्षकत्वमा स्थापित महिला विभागले वैशाख पूर्णिमाको अवसरमा आयोजना गरेको दाजुभाई भेटघाट, तथा सांस्कृतिक कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । तमुहरूको महत्वपूर्ण पर्व वैशाख पूर्णिमाको शुभ अवसरमा आयोजित उक्त कार्यक्रम विभागकी महिला संयोजक शिला गुरुङको सभापतित्व तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा चेलीबेटीमार्फत समाजका दाजुभाईहरुलाई गलबन्दी ओढाएर सम्मान गरिएको थियो । तमुहरूको संस्कार अनुसार कार्यक्रमका प्रमुख अतिथि भट्टलाई क्रेगी र ढ्वंगाद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा मौसमी गुरुङ, सोनिया गुरुङ र काव्य गुरुङले घाटु नाच नाचेका थिए । समाजका मानार्थ सदस्यहरू दशरथ समाल मगर, अजित लामा र खेलकुद समितिका अध्यक्ष दिनेश गुरुङलाई क्रेगीद्वारा सम्मान गरिएको थियो । कतारमा स्थापित थुप्रै संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिसहित शुभकामना मन्तव्य राखेका थिए ।

कलाकार पवित्रा आचार्य, प्रकाश गुरुङ, रुस्तम तामाङ लगायत समाजको महिला विभागमा आबद्ध रहेका कलाकारहरूले आफ्नो प्रस्तुती राखेका थिए । कार्यक्रममा समाजकी महिला विभागकी बसु गुरुङले स्वागत मन्तव्य राखेकी थिइन् भने समाजकी अध्यक्ष तथा कार्यक्रम संयोजक टौमाया गुरुङले वैशाख पूर्णिमा, चेली माइतीको सम्बन्ध र पितृहरूको सम्झना तथा घाटु नाचको महत्वको बारेमा प्रस्ट पारेकी थिइन् ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले प्रवासमा रहेर पनि आफ्नो कला, संस्कार संस्कृतिको जगेर्ना जनजातिहरूले सदैव गरेको बताए । उनले विदेशमा आफ्नो परम्परालाई जीवित राख्ने समाजप्रति आभार व्यक्त गरे । डिजन गुरुङ र पुष्पा गुरुङले मिलेर सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै कार्यक्रमकी सभापति गुरुङले दाजुभाईले प्रदान गरेको माया, साथ र हौसला प्रति आभार व्यक्त गरिन् । उनले कार्यक्रममा भएका कमीकमजोरीलाई सुधार्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरिन् ।

**घाटु नाचको महत्व**

विशेषत: गुरुङ र मगर जातीमा प्रचलित नाच हो । श्रीपञ्चमीमा विधिपूर्वक पूजा अर्चना गरी शुरु गरिने घाटु नाच मातातिर्थ औशीदेखि मध्य वैशाखसम्म नाचिन्छ । घाटु एक शास्त्रीय नाच हो । घाटु गुरुङ मगरहरूको लोक संस्कृतिमा आधारित एउटा गीति नाटक तथा प्रसिद्ध लोक नृत्य हो । किंवदन्ती अनुसार १६ औँ शताब्दीतिरका एक दम्पती राजा रानीको विवाह, प्रेम, गृहस्थी, राजकाज, जङ्गल प्रस्थान, सिकार आदि घटनामा आधारित भएर घाटु नाचिन्छ । घाटुको गीतमा परशुराम राजा र चम्पावती रानीको कथावस्तु रहेको हुन्छ । घाटुमा नाच्नका लागि घाटुकी कन्या कथाको विषयवस्तु अनुसार आवश्यक सङ्ख्यामा छानिन्छ । उनीहरूलाई घाटु नाच्नुअघि अक्षोताले इष्टदेवी, हिउँचुली, बरचुली, देउचुली, गंगाचुली आदिको पूजा गरेपछि घाटु नाच्ने कन्याहरूको आँखा बन्द हुने गर्दछ ।

यसलाई देवी चढेको मानिन्छ । कन्याहरूको आँखा बन्द नभएसम्म देवीहरूको नाम जप्नुपर्छ । देवीले पत्याएपछि घाटु सुरु गरिन्छ । घाटु नाचको सुरुवात मङ्गल चरणबाट गरिन्छ । इष्टदेवीहरूको साथमा आमा, धर्ति र आकाशलाई साक्षी राखिन्छ । घाटु नृत्यमा वाद्य र साज श्रृगार भन्दा पनि कारुणिक कथाको व्याख्या गरिएको हुन्छ । कारुणिक र हृदय विदारक गीत गाएर शोकाकुल अवस्था सिर्जना हुँदा गाउने कलाकार र दर्शक समेत धुरुधुरु रुने गर्दछन् । सती घाटुमा गुरुवाले गीतबाटै मंगलचरण गरी घाटु देवता जगाउने , घाटुली चयन, सिँगार गर्ने, नृत्यकला सिकाउने सती ढलाउने सती जगाउने काम गर्दछन् ।

**घाटु नाच दुई प्रकारका रहेका छन् ।**

**१. सती घाटु**

प्रचलित सती घाटु विमेसै नाचिँदैन । सती घाटु वैशाख पूर्णिमामा मात्र नाचिन्छ । वसन्त ऋतुको सुरुवात वसन्त पञ्चमी अर्थात् श्री पञ्चमी देखि विधिवत् घाटुको थालनी हुन्छ । सती घाटु नाच मातातिर्थ औँसी देखि वैशाख पूर्णिमा अर्थात् बुद्ध जयन्ती को अघिल्लो दिन देखि मध्य जेठ सम्म नाच्ने गरिन्छ । सती घाटु रितपूर्वक नाचिन्छ । मादल र गीतको तालमा नाचिने यो नाच शास्त्रीय नाच हो । सती घाटुमा नाच्ने कन्याहरूमा देवी चढ्ने भएकाले उनीहरू नाच्ने क्रममा बेहोसीको अवस्थामा हुन्छन् । यो अवस्थालाई कुसुण्डा भनिन्छ । यो क्रममा मादलको ताल बिग्रियो वा गीत बिग्रियो भने नाच्ने कन्याहरू बेहोस भइरहने विश्वास गरिन्छ ।

**२. बाह्रमासे घाटु**

बाह्रमासे घाटु जहिले पनि नाच्ने गरिन्छ । विशेष गरी मगर अथवा गुरुङ बस्तीमा पाहुना जाँदा, कुनै विशेष मेला उत्सव आदिमा बाह्रमासे घाटु नाचिन्छ । यसका लागि कुनै साइत हेर्न वा विशेष पूजा अर्चना गर्न पर्दैन ।

## गौरमा भीषण आगलागी ५० लाख बढीको क्षति



**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, २६ जेठ

रौतहट सदरमुकाम गौरको एक हार्डवेयर पसलमा आगलागी भएको छ । गौर-५ हनुमान चोकस्थित रहेको महतो हार्डवेयरमा आगलागी हुँदा करिब ५० लाख बढीको क्षति भएको छ ।

शुक्रबार राति आगलागी हुँदा हार्डवेयर गोदाममा रहेको रंग, पेन्ट बनाउने मेसिन २ थान, ल्यापटप -२ थान, मोटर -१६ थान, सिपिभीसी फिटिङ्ग, पिभीसी फिटिङ्ग लगायत पल्मबिङ्गका सामग्री, सयौ थान रंग पेन्टका बाल्टिनसहित सहित ५० लाख मूल्य भन्दा बढीको सामग्री जलेर नष्ट भएको छ ।

आगलागीबाट हार्डवेयरको गोदामसहित हार्डवेयर पसल र सँगै रहेको रामबाबु मोटरसाइकल वर्क सपमा आंशिक क्षति पुगेको हार्डवेयरको सञ्चालक विरेन्द्र कुशवाहाले बताए ।

उनले भने, ‘हामी सुति सकेका थियौं । स्थानीयले हो-हल्ला गर्दा आगो लागेको थाह पाए, समयमै आएको गौर नगरपालिकाको दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिन सफल भयौं । नत्र भने भयङ्कर क्षति हुने रहेछ ।’

पसलमा एक्कासी आगलागी भएपछि केही समय भिषण रुप लिएको थियो । विद्युत सर्ट भएर आगो लागेको हुन सक्ने अनुमान गरिएको छ । आगलागीका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एलिजा गिरीले बताइन् ।

# रास्कोटका दुई वटा वडा बालविवाह मुक्त वडा घोषणा




**कमल कुमाल / मध्यान्ह**
कालीकोट, २६ जेठ

कालीकोटको रास्कोट नगरपालिका वडा नम्बर ४ र ९ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । लामो समयदेखि कालीकोटको रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका र नरहरीनाथ गाउँपालिकामा परियोजनामार्फत समाज रुपान्तरणका निमित्त काम गर्दै आइरहेका स्थानीय गैरसरकारी संस्था सामाजिक जागरण तथा विकास प्रतिष्ठान सादा नेपाल र मानअधिकार तथा वातावरण विकास केन्द्र हुरेन्डेक नेपालको परियोजनाअन्तर्गत रास्कोट नगरपालिका ४ र ९ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

बालविवाह मुक्त वडा घोषण कार्यक्रममा बोल्दै सामाजिक जागरण तथा विकास प्रतिष्ठान सादा नेपाल कालीकोटका मूल्यांकन अधिकृत नमराज योगीले रास्कोटको आमूल परिवर्तनमा विशेष भूमिका खेल्ने सामाजिक संघसंस्थाहरुलाई धन्यवाद दिँदै सामाजिक संस्कार र सामाजिक परम्पराको अन्त्य गर्दै बालविवाह रोकथाम, बालश्रम न्यूनीकरण, लैंगिक हिंसा तथा छुवाछुत मुक्त समाज निर्माणका लागि स्थानीय सरकार निरन्तर लागिपर्ने बताए ।

हुरेन्डेडक नेपाल कालीकोटका संयोजक डम्बर बहोराले सानै उमेरमा बालविवाह गर्दा स्वास्थ्य अवस्थामा आउने समस्यालाई मध्यनजर गर्दै यस्ताखालका विकृति विसंगती हुन नदिन र यस्लाई समयमै उन्मूलन गर्न संघसंस्थासँगै स्थानीय सरकार एकजुट भएर लागिपरेको बताए ।

वडा नम्बर ९ का वडा अध्यक्ष धनबहादुर धामीको अध्यक्षता, रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीको प्रमुख आतिथ्यता, उपप्रमुख मनिराज बरालको विशेष आतिथ्यता तथा सबै सरोकारवालाको उपस्थितिमा वडा नं ४ र ९ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

# दुई छोरासहित एक महिला बेपत्ता



**प्रचण्ड खत्री / मध्यान्ह**
रुकुम पश्चिम, २६ जेठ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-८ निवासी २४ वर्षिया अंकिता केसी नाथ २ छोराहरु कुशल र किस्मत नाथसहित बेपत्ता भएकी छन् । सात वर्षका जुम्ल्याहा छोरासहित अंकिता गत जेठ १३ गतेदेखि बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जानकारी दिएको छ ।

कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक बखत बहादुर शाहीका अनुसार घरबाट जिल्ला अस्पताल सल्लेमा चेकजाँचका लागि भन्दै हिँडेकी खत्री हालसम्म परिवारको सम्पर्कमा नआएपछि खोजी कार्यका लागि निवेदन प्राप्त भएको छ ।

खत्रीका ससुरा हरिबहादुर नाथले बुहारी र नातीहरुको खोजीकार्यको मागसहित प्रहरीमा निवेदन दिएका छन् । बेपत्ता खत्रीका श्रीमान वैदेशिक रोजगारीका लागि देश बाहिर थिए । श्रीमती र छोराहरु बेपत्ता भएको खबरपछि उनी पनि नेपाल फर्किएको बताइएको छ ।

प्रहरी निरीक्षक शाहीले सबैतिर हुलिया परिपत्र गरिएको जानकारी दिए । घरपरिवारबाट सम्पर्कविहीन आमाछोरालाई देख्ने वा भेट्नले नजिकैको प्रहरी चौकी वा आफन्तलाई सम्पर्क गरिदिन अनुरोध गरिएको छ ।

# १० जना नेपाली हज तीर्थयात्री साउदी राजाको निमन्त्रणामा मक्का प्रस्थान

**काठमाडौं / मस**–१० जना नेपाली हज तीर्थयात्री साउदी राजा सलमान बिन अब्दुलअजिजको निमन्त्रणामा मक्का प्रस्थान गरेका छन् । नेपालका लागि साउदी अरबका राजदूत साद बिन नासेर अबु हैमदले यस हिजरी वर्ष १४४५ को हजका लागि साउदी राजा सलमानको विशिष्ट अतिथिको रूपमा १० जना नेपाली हाजीलाई बिदाइ गरे । साउदीमा इस्लामिक मामिला मन्त्रालयले आयोजना गरेको यस वर्षका लागि ८८ देशका कुल २ हजार ३ सय जनामध्ये



नेपालबाट १० जनालाई साउदी राजाले अनुमोदन गरेका थिए । राजदूत अबु हैमदले साउदी अरबले दुई पवित्र मस्जिदका संरक्षक र युवराजको निर्देशनमा हज तीर्थयात्रीहरुलाई हज अनुष्ठानलाई सहजता प्रदान गर्न र उच्च गुणस्तरको साथ उत्तम र उत्कृष्ट सेवाहरू प्रदान गर्दै पूर्ण हेरचाह गरेको जानकारी दिए ।

हज तीर्थयात्रीहरुले उत्कृष्ट सेवाका लागि दुई पवित्र मस्जिदका संरक्षकलाई धन्यवाद तथा कृतज्ञता व्यक्त गरे । सो अवसरमा नेपालस्थित साउदी दूतावासका सदस्यहरु तथा मुस्लिम आयोगका सदस्यहरुको उपस्थिति रहेको थियो ।

## Khaptad Chhededaha Rural Municipality
## Office of the Rural Municipal Executive

**Dogadi, Bajura**
**Sudurpaschim Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication: 2081/02/27 B.S. (June 9th, 2024 A.D.)**

Khaptad Chhededaha Rural Municipality, Dogadi, Bajura invites electronic bids only from Nepalese eligible bidders for the Procurement of the following works as mentioned in the table below Under NCB One-Stage: One-Envelope Bidding Procedure. Eligible Bidders may obtain all further information from PPMO's website http://www.bolpatra.gov.np/egp.

| S. N. | Contract Id. No. | Description of Work | Bid Doc. Fee (NRs.) | Estimated Amount (NRs.) (Excluding V.A.T. & P.S.) | Minimum Bid Security Amount | Bid Validity/ Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | KCRM/ NCB/BCW/ 09/2080-81 | Ward No. 3 Office Building Construction Works. at KCRM-3, Dhanalta, Bajura | 3000.00 | 1,74,56,068.95 | 5,00,000.00 | 90/120 days from the last date of bid submission | 2081/03/25 (July 9th, 2024 AD) 12:00 hrs | 2081/03/25 (July 9th, 2024 AD) 12:15 hrs |

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

### शक्तिमा पुगेका सिके

पृथकतावादी अभियानबाट राष्ट्रिय राजनीतिमा चिनिएका डा. सिके राउतले छोटो समयमै एकपछि अर्को संसदीय सफलता हात पारिरहेका छन् । स्वतन्त्र मधेशको आवाज उठाएकै कारण २४ पटकसम्म गिरफ्तारीमा परेर चिनिएका सिके राउत २०७५ फागुनमा सरकारसँग ११ बुँदे सहमति गरेर शान्तिपूर्ण संसदीय राजनीतिमा आएका थिए । सरकारसँग ११ बुँदेपछि राउतले तत्कालै जनमत पार्टी घोषणा गरेर मधेश केन्द्रीत गतिविधि थालेका थिए । मधेशलाई आधार क्षेत्र मानेर राजनीति गर्ने क्रममा राउतले किसान आन्दोलनलाई प्राथमिकतामा राखे । राजमार्ग केन्द्रीत आन्दोलन किसानकै मागमा गरे । उखु किसानले मूल्य नपाइरहेको, अरू किसानले मल बिऊ र बजार नपाएको अनि सिंचाईको अभाव जस्ता माग राखेर महिनौ आन्दोलन गरे । जुन बेला मधेश केन्द्रीत अर्को दल जनता समाजवादी पार्टी (जसपा), नेपालले मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको थियो भने संघीय सरकारमा समेत सामेल थिए ।


नभन्दै सिके राउतको आन्दोलनले मधेशी जनताको मन जित्न सफल भयो । त्यही आन्दोलनका कारण २०७९ मंसिरको आमचुनावमा जनमत पार्टी राष्ट्रिय दल बन्न सफल भयो । सिके राउतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई नै हराए । मधेश प्रदेशमा १३ सिट सहित बलियो शक्ति बने । जबकी त्यो चुनावमा जनमत पार्टीले एक्लै प्रतिस्पर्धा गरेको थियो । अरू मधेश केन्द्रीत अरू दलहरू भने नेपाली कांग्रेस र नेकपा एमाले नृतृत्वको अलग–अलग गठबन्धनमा सामेल थिए । गठबन्धनबाटै चुनाव लड्दा पनि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले राष्ट्रिय दलको हैसियत बनाउन सकेन । जसपा, नेपालले गठबन्धन गरेकाले प्रत्यक्षतर्फ केही सिट बढी पाउँदा १२ सिटको दल बन्यो भने सिके राउतको पार्टीले ६ सिट पायो ।

तर समयान्तरमा उपेन्द्र यादवले नराम्रो ठक्कर खानु परेको छ । सत्ता स्वार्थमा आधारित राजनीतिमा उपेन्द्रको पार्टी फुटेर दुई वटा बनेको छ । अशोक राईले नेतृत्व गरेको जसपामा ७ जना सांसद लागेकाले उपेन्द्रसँग ५ जना मात्र छन् । यसको अर्थ उपेन्द्र भन्दा सिके राउत ठूलो दलको नेता बन्न पुगेका छन् । राष्ट्रिय राजनीतिमा यसरी उपेन्द्र भन्दा बलियो शक्ति बन्न पुगेको जनमत पार्टीले मधेश प्रदेश सरकारकै नेतृत्व लिन सफल भएको छ । शुक्रबार जनमतका सतिश सिंह मधेश प्रदेशका मुख्यमन्त्री नियुक्त भएका छन् । मधेशको नेतृत्व यसरी उपेन्द्रबाट खोसिनु भनेको मधेश आन्दोलनको १६ वर्षपछि पहिलोपटक उनी किनारामा धकेलिनु हो । अनि सिके राउत भने राष्ट्रिय राजनीतिसँगै मधेशको सत्ता हात लिन समेत सफल भएका छन् । यो सफलता कायम राख्न सिके राउतले ध्यान दिनुपर्ने विषय भनेको जनताको चाहना नै हो ।

# कृषिमा आत्मनिर्भरताको सवाल


*नेपाल व्यापार एकीकृत रणनीतिमा यहाँका निर्यातयोग्य वस्तुहरू अधिकांश कृषिजन्य छन् । तर सरकारले उक्त वस्तुहरूको स्वदेशमै उत्पादन गर्न उपयुक्त ध्यान नदिएकोले यहाँ खाद्यान्न तथा अन्य कृषि उपजहरूको उत्पादन अपेक्षितरूपमा बढ्न सकेको छैन ।*

**अग्रलेख**



● के.बी. बस्नेत

यस धर्तीमा विभिन्न प्राकृतिक सम्पदाहरू छन् । जसमध्ये भूमिलाई विशेष महत्वपूर्ण मानिन्छ । तर, यो सीमित प्रकृति प्रदत्त उपहार हो । भूमि सम्पूर्ण मानव जातिको सम्पत्ति हो । जसमा सम्बन्धित देशका जनताको भविष्य निर्भर रहन्छ । यसमा सम्पूर्ण मानव जातिको बसोबासदेखि विभिन्न व्यवसायसम्म सञ्चालन गरिन्छ । जसमध्ये खेतीपातीले धेरै वर्ष अघिदेखि महत्वपूर्ण भूमिका खेल्दै आएको छ । पृथ्वीको कुल १३ लाख हेक्टर भूमिमध्ये ११ प्रतिशत मात्र खेतीयोग्य छ । जसमध्ये झण्डै १७ प्रतिशत मात्र सिञ्चित हुनाले भविष्यमा विश्वका धेरै देशमा भोकमरीको समस्याले विकराल रूप लिन सक्नेछ । वस्तुतः विश्वको धरातलअनुसार खेतीयोग्य भूभागको अधिकतम केही वनजङ्गल तथा झाडी, केही मरुभूमि आदि पाइन्छ । यहाँको भौगोलिक वास्तविकतालाई आधार मानेर भूमिको अधिकतम सदुपयोग गर्न कृषि उत्पादन बढाएर भोकमरीको समस्या न्यूनीकरण गर्न सकिन्छ ।



नेपाल एक कृषि प्रधान देश हो । जहाँ कुल ३० लाख ९१ हजार हेक्टर जमिन खेतीयोग्य छ । यहाँको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान झन्डै २७ प्रतिशत छ । तर, दुःखको कुरा त के छ भने केही वर्षयता यहाँ खाद्यान्न आयात निरन्तररूपले बढिरहेको छ । यथार्थतः ७५ देखि आठ हजार आठ सय ४८ मिटर उचाइमा रहेकोले यहाँ विद्यमान हावापानीमा सबै किसिमका खाद्यान्न, फलफूल र सागपातको खेती गर्न सकिन्छ । यहाँको हावापानीले विश्वकै हावापानीको प्रतिनिधित्व गर्छ । त्यसैले, यहाँ विभिन्न किसिमका कृषि उपजहरू उत्पादन गर्न सकिन्छ । तर, त्यसको लागि सरकार तथा कृषकहरूको कटिबद्धताको खाँचो छ ।

सुहाउँदो हावापानी भएकोले यहाँका केही कृषि उपजहरू विश्वमै प्रसिद्ध छन् । उदाहरणका लागि यहाँ उत्पादित अलैंची विश्वमा प्रथम स्थानमा अंकित गरिएको छ भने अदुवा तेस्रो स्थानमा र मुसुरो छैठौं स्थानमा छ । वस्तुतः यहाँको विभिन्न स्थानहरू विभिन्न बालीका लागि प्रख्यात छन् । उदाहरणका लागि सिन्धुलीको जुनार, पाल्पाको अमृसो तथा तेजपत्ता, इलामको चिया, गुल्मीको कफी, सल्यानको अदुवा, हुम्ला/जुम्लाको स्याउ, सङ्खुवासभा तथा तेह्रथुमका अलैंची र खुर्सानी विश्व प्रसिद्ध छन् । कुनै पनि कृषि उत्पादन अभिवृद्धि गर्न प्रशस्त पानीको आवश्यकता पर्छ, जुन नेपालमा भएर पनि आवश्यकताअनुसार प्रयोग गर्न सकिएको छैन ।

नेपालमा झण्डै छ हजार नदीनाला र दर्जनौं तालतलैया छन् । जसको सही परिचालन गर्न सके यहाँको सबै खेतीयोग्य जग्गामा सिँचाइ गर्न सकिन्छ । तर, हालसम्म पनि यहाँका अधिकांश खेतीयोग्य जग्गामा सिँचाइ सुविधा पुग्न नसकेकोले आकाशे पानीमा भर पर्नुपर्ने अवस्था छ । आगामी दिनहरूमा यहाँको कृषि उत्पादन वृद्धि गर्ने हो भने सिँचाइ सुविधा विस्तार गर्न आवश्यक छ । यसका लागि आवश्यकताअनुसार साना, मझौला र ठूला सिँचाइ आयोजनाहरूको निर्माण गर्नु जरुरी छ ।

जुनसुकै देशमा पनि कृषि उत्पादन वृद्धि गर्ने प्राङ्गारिक मलले महत्वपूर्ण भूमिका खेल्छ । अरु देशहरूमा जस्तै नेपालमा पनि प्राङ्गारिक मल सहजै उत्पादन गर्न सकिन्छ । यस्तो मल आवश्यकताअनुसार स्वदेशमै उत्पादन गर्न सके उपयुक्त समयमा आफ्ना खेतबारीमा हालेर बढी कृषि उपजहरू प्राप्त गर्न सकिन्छ । उक्त मलले यहाँको माटोको उर्वराशक्ति बढाई कृषि उत्पादन बढ्ने छ । आज विश्वका धेरै देशमा विभिन्न बालीमा कीटनाशक औषधी प्रयोग गर्ने चलन बढेको छ । जुन प्रत्येक व्यक्तिको स्वास्थ्यको लागि हानिकारक मानिन्छ । तर, प्राङ्गारिक मल यस्तो हानिकारक हुँदैन । यसले माटोको उर्वराशक्ति बढाउने हुनाले कृषि उत्पादन बढाउन मद्दत गरी रासायनिक मलको प्रयोगमा कटौती गर्नेछ । उन्नत बीउबिजन प्रयोग गरेमा कृषि उत्पादन पहिलेको भन्दा झन्डै तेब्बर बढ्ने कुरा अनुसन्धानहरूले पुष्टि गरेको छन् । तर, हालसम्म पनि यहाँका धेरैजसो कृषकहरू रैथाने बीउबिजन प्रयोग गर्दै आएकाले सोचेअनुरूप उत्पादन प्राप्त गर्न सकेका छैनन् । यदि भविष्यमा यहाँको कृषि उपजहरू बढाउने हो भने उनीहरूलाई उन्नत बिउबिजन प्रयोग गर्न उत्प्रेरित गर्नैपर्छ । तर, कुनै पनि बिउबिजन निश्चित समय अवधिसम्म मात्र प्रयोग गर्नुपर्छ । अन्यथा यसबाट कृषि उत्पादनमा ह्रास आउँछ ।

> *उन्नत बीउबिजन प्रयोग गरेमा कृषि उत्पादन पहिलेको भन्दा झन्डै तेब्बर बढ्ने कुरा अनुसन्धानबाट पुष्टि भएका छन् । तर, हालसम्म पनि यहाँका धेरैजसो कृषकहरू रैथाने बीउबिजन प्रयोग गर्दै आएकाले सोचेअनुरूप उत्पादन प्राप्त गर्न सकेका छैनन् । यदि भविष्यमा यहाँको कृषि उपजहरू बढाउने हो भने उनीहरूलाई पनि उन्नत बिउबिजन प्रयोग गर्न उत्प्रेरित गर्नैपर्छ ।*

नेपाल विश्वका कम भूमि भएका देशहरूमध्ये एक हो । जसको भौगोलिक कारणले गर्दा खेतीयोग्य भूमि कम छ । जहाँ वर्षा याममा पहाडबाट बगेर आएको बलौटे माटो तराईको मलिला खेतीयोग्य जग्गामा जम्मा भई खाद्यान्न तथा अन्य बालीहरूको उत्पादनमा नकारात्मक प्रभाव परेको छ । रासायनिक मलको अधिकतम प्रयोग, पी.एच भ्यालुमा देखिएको कमी, पोटासमा विद्यमान कमी आदि कारणले नेपालको धेरै ठाउँको माटोको उर्वराशक्ति घट्दै गएको तथ्य यहाँको कृषि विभागले सार्वजनिक गरेको तथ्यांकले इङ्गित गरेको छ । जसबाट यहाँका कृषि उपजहरूको परिमाण भविष्यमा न्यून हुने सम्भावना देखिन्छ ।

वस्तुलाई यहाँको खेतीयोग्य जग्गाको माटोको डिजिटल नक्साङ्कनमा खेतीयोग्य जमिनको ५०-५५ प्रतिशत माटो अम्लीय, ४-५ प्रतिशत क्षारीय र ४० प्रतिशत तटस्थ देखिन्छ । माटोको उर्वराशक्ति वर्षेनी क्षेय हुँदै जाँदा भविष्यमा यहाँको कृषि प्रणालीमा गम्भीर संकट नआउला भन्न सकिँदैन । केही दशक अघिसम्म नेपालबाट अन्य देशहरूमा खाद्यान्न आयात गरिन्थ्यो । परन्तु, केही वर्षयता यहाँ खाद्यान्नलगायत धेरैजसो कृषिजन्य वस्तुहरू निरन्तररूपले आयात गर्न थालिएको छ । जुन कृषि उत्पादनको कमीले गर्दा हो ।

नेपाल व्यापार एकीकृत रणनीतिमा यहाँका निर्यातयोग्य वस्तुहरू अधिकांश कृषिजन्य छन् । तर, नेपाल सरकारले उक्त वस्तुहरूको स्वदेशमै उत्पादन गर्न उपयुक्त ध्यान नदिएकोले यहाँ खाद्यान्न तथा अन्य कृषि उपजहरूको उत्पादन अपेक्षितरूपमा बढ्न सकेको छैन । आगामी दिनहरूमा यहाँ खाद्यान्न तथा अन्य कृषि उपजहरूको उत्पादन अभिवृद्धि गर्न रणनीति बनाई कार्यान्वयन गर्न आवश्यक छ । यसका लागि एकतर्फ यहाँका कृषकहरूलाई आवश्यक कर्जा प्रदान गर्न आवश्यक छ भने अर्कोतर्फ उनीहरूको विभिन्न बालिको बिमा गर्न उत्तिकै जरुरी छ । साथै, एकातिर यहाँको कृषिको आधुनिकीकरण गर्न आवश्यक छ भने अर्कोतिर उपयुक्त ठाउँहरूको पहिचान गरी व्यवसायिकरण गर्न उत्तिकै जरुरी छ ।

कृषि उपजहरूबाट फाइदा लिन बजारको सुव्यवस्था गर्न आवश्यक छ । वास्तवमा यहाँ राम्ररी बजार व्यवस्थापन गर्न सके थप कृषि उपजहरूको आन्तरिक व्यापार अभिवृद्धि गर्न सकिन्छ । योबाहेक भारत र चीनबाहेक अन्य देशहरूसँग पनि निर्यात व्यापार बढाउन सकिन्छ । यथार्थतः नेपालमा कृषि विकासको थालनी गरिएको झण्डै नौ दशक भयो । सर्वप्रथम यस्तो सुरुवात वि.सं. १९९२ मा चारखाल अड्डाबाट गरिएको हो । सोही वर्ष कृषि विकासका लागि कृषि प्रदर्शनी पनि आयोजना गरिएको थियो । वि.सं. २०२१ मा कृषि क्षेत्रको सुधारका लागि भूमि सुधार ऐन लागू गरिए पनि खासै प्रभावकारी हुन सकेन । यसैगरी वि.सं. २०५२ दीर्घकालीन कृषि नीति ल्याइए पनि व्यवहारमा उतार्न सकिएन । पछिल्लो वर्ष बीस वर्षे (२०७२-९२) कृषि रणनीति प्रकाशमा ल्याई कृषि विकास गर्ने प्रयास गरिएको छ । परन्तु, यसलाई व्यवहारमा उतार्न सम्बन्धित पक्षहरू कटिबद्ध हुनुपरेको छ ।

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

भारतमा प्रधानमन्त्री फेरि पनि मोदीजी भए तर, यो तेस्रो कार्यकाल अलिक पृथक हुने देखियो । दह्रो प्रतिपक्ष र गठबन्धनमा सामेल दलहरूको भागबन्डा मिलाउन सकस नै देखिन्छ । मोदीजीको कार्यशैलीमा व्यापक परिवर्तन गर्नुपर्ने यो अवस्थाले आगामी दिन त्यति सहज देखिँदैन छिमेकी मुलुकहरूको अपेक्षा सहिष्णुता !



**- अनिल बराल**

यतिका वर्ष किन सम्बृद्धि आएन मुलुकमा भनेको त गाँजा खुला नभएर पो रहेछ ! के सारो हतार, के सारो सहमति भएको हो यसमा चाहिँ ? अफिम चाहिँ नहुने रहेछ क्या हो यहाँ ? सबैभन्दा कडा दवाई त त्यबाट निस्किन्थ्यो ! जे होस् अब केही आशा पलायो, देश बन्ने भो भनेर ! गृहमन्त्रीले छिटै कानुन ल्याउने रे !



**- किशोर नेपाल**

हाल प्रधानमन्त्री प्रचण्डका संरक्षक तथा एमालेका परम् आदरणीय अध्यक्ष केपी ओलीले चितवन पुगेर श्रीरामको जन्म नेपालको अयोध्यापुरीमा भएको बताउनु भएको छ । राम जहाँ जन्मिए पनि राम नै रहे । ओलीले चितवनका जनता भड्काएर राम जन्मभूमि विवादलाई चर्काउन खोज्नु भएको त हैन ?



**- बद्रि बिनोद खनाल**

भारतको चुनावले नेपालको राजनीतिक तरलता कम गराउछ कि ? अयोध्या क्षेत्रमा मोदीको पार्टी हार्नुले घरि घरि शीर उठाउन खोज्ने नेपाली राजतन्त्र पनि साइजमा आउछ कि ? नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलमा देखिएका हिन्दूवादी काग्रेसहरूको स्वर स्वतः कम हुने भो । यसले राजनीतिक स्थिरता होला कि ?

# चेतनामा ‘फुटपाथ’ !

**विचार**



● नारायण गाउँले

बग्गी गुड्ने बेला बनेको न्युरोड मात्रै होइन, कसैसँग गाडी नै नभएको गाउँमा आज पिच हुँदै गरेका सडकमा समेत फुटपाथ छैनन् । कलिला बालबच्चा आँगनबाट सोझै सडकमा पसेर स्कुल हिँड्छन्, वृद्धवृद्धा र शारीरिक दुर्बलता भएका व्यक्ति पनि सडकमै हिँड्छन् र कुनै स्पीड लिमिट नभएको त्यस्तो सडकमा मोटरसाइकलदेखि ट्रक र ट्याक्टर पनि गुड्छन् ! दुर्भाग्य त के छ भने काठमाडौं होस् या भरतपुर, जति जति घना बस्तीभित्र पस्नुहुन्छ, त्यति त्यति फुटपाथ हराउँदै जान्छ । जबकि हुनुपर्ने ठीक उल्टो हो । बाक्लो आवासीय क्षेत्रमा त दुईतिर पर्याप्त फुटपाथ अनिवार्य जस्तै हुनुपर्ने हो । बस्तीमा बालबच्चा हुन्छन्, तिनलाई डोऱ्याउँदै स्कुल लैजाने हाम्रा वृद्ध आमाबुबा हुनुहुन्छ, आज गरिबीले नहोला तर ‘ह्विलचेयर’ प्रयोग गर्नुपर्ने अशक्त नागरिक हुन्छन्, ‘मर्निङ वाक’ गर्नेहरू हुन्छन्, किनमेल गर्न या अत्यावश्यक कामले ओहोर-दोहोर गर्नुपर्ने हामी नै हुन्छौं । सोच्नुस् त धुलो-धुवाँ उडाउँदै तीव्र गतिमा गुडिरहेको ट्रिपर, हावा जस्तै आँखै नहेरी कुद्ने मोटरसाइकल र स्कुल हिँडिरहेका हाम्रा नानीहरू एउटै लेनमा हुँदा कति सुरक्षित होलान् ? अझ त्यहाँ लट्ठी टेकेर या ह्विलचेयरमा प्रयोग गरेर हिँड्ने हाम्रा हजुरबुवाहरूलाई सम्झनुहोला !

हाम्रा सडक साँच्चिकै भयानक, खतरनाक र असुरक्षित छन् । तथ्यले पनि यही भन्छ । माओवादी युद्धको दौरान जति मान्छे मारिए, त्यसभन्दा बढी त सडक दुर्घटनामा मान्छे मरिरहेछन् । यस्तो विपत्ति आफ्नै सन्तानमाथि नपर्दासम्म हामीलाई हेक्का नहुने रहेछ । ऐतिहासिक शहर या बस्ती त केही गर्न नसकिएला, तर आज कित्ताकाट हुने घडेरी र सडक पनि १२-१३ फिटका छन् । त्यसमा फुटपाथ बनाउनु कि साइकल गुडाउनु ? रूख रोपेर हरियाली बनाउनु कि बिजुली र इन्टरनेटका तार झुन्ड्याउनु ? भोलि त्यहाँ ढल बनाउने कहाँ होला ? तराईका फाँटमा समेत छ मिटरका बाटा छन् । पूरै पिच छ । फुटपाथ छैन । छ मिटरमा दोहोरो फुटपाथ र दुईवटा गाडी गुड्ने सम्भावना एकदम कम हुन्छ । हामीले निर्माण गर्दै गरेको भोलिको बस्ती र शहर कस्तो होला ?

दुई सय वर्ष पहिले डिजाइन भएका लण्डनका बाटाहरूमा सडकभन्दा फुटपाथ फराकिला छन् । जहाँ दुई तर्फी रूखहरू छन्, फूलका बोटहरू छन् । पैदलयात्रीलाई सहजता मात्रै होइन, प्रोत्साहन गर्ने गरी बाटोको डिजाइन भएको छ । सडक उपभोक्ता भनेका गाडीवाला मात्रै होइनन् भन्ने चेतना छ । बच्चा बोक्ने बग्गीदेखि ह्विलचेयरमा सजिलै अटाउने फुटपाथ छन् । बाटो काट्ने ठाउँमा जेब्राक्रस र लाइट मात्रै होइन, पैदल यात्रीलाई सहज होस् भनेर ठाउँ-ठाउँमा सडक नै खुम्च्याएर एउटा मात्रै गाडी पास हुने बनाइएका छन् । शहर या गाउँको मध्य भागमा ‘हाइस्ट्रीट’ को कन्सेप्ट छ, जसमा बजारको बीचमा आपतकालीन यातायातबाहेक अरू गुड्दैनन् । वरपर कुर्सी राखिएका हुन्छन् । मान्छे पैदल हिँड्छन् ! बालेनले न्युरोडमा गर्न चाहेको पनि शायद यस्तै होला । अलिकति पब्लिक कन्सल्टेन्ट र अन्य निकायसँगको सहकार्यमा उनी चुके होलान् । तर, उनको नियत खराब देखिन्न । एउटा भिजन देखिन्छ त्यहाँ । घना बस्ती र बजारभित्र सडकको प्राथमिक उपभोक्ता पैदलयात्री नै हुन् । तिनको सुविधा र सुरक्षा पहिलो प्राथमिकता बन्नै पर्छ । यदि काम सही र आवश्यक हो भने नाक र इगोको लडाइँ लडेर उनलाई असफल बनाउँदैमा के जित हासिल हुन्छ र ? न्युरोडमा सिङ्गो सरकार एकातिर देखिएपछि बालेनको केही नचल्ला, तर हामीलाई गाडी गुड्ने चिल्लो सडकमात्रै होइन, पैदलयात्रीले सहज आवागमन गर्न सक्ने फुटपाथ पनि उत्तिकै महत्वपूर्ण हुन्छ भन्ने उनको भिजन चल्नुपर्छ । हाम्रो सडकको कन्सेप्ट फेरिनै पर्छ । गाउँ-गाउँमा आज बन्दै गरेका सडकको स्वरूप बदलिनै पर्छ ।

जति घना बस्ती हुन्छ, त्यति विपत्ति र दुर्घटनाको जोखिम पनि हुन्छ । त्यसैले एम्बुलेन्स अनि दमकल गुड्ने सडक पनि चाहिन्छ, पैदलयात्रीले सुरक्षित र सहज अनुभव गर्ने फुटपाथ पनि चाहिन्छ र शहरलाई पार्किंग पनि चाहिन्छ । पार्किंग नहुने हो भने शहरको अर्थतन्त्र मर्छ । न्युरोड यत्तिकै छोडेर, पार्किङ ठेकेदारबाट लाख/लाख कमिसन खाएर उनी चुप बस्न पनि सक्थे, तर उनले पैदलयात्री बारे सोचेका छन् । फुटपाथको महत्व र औचित्यबारे एउटा राष्ट्रिय बहसको उत्थान गरेका छन् । उनले सँगसँगै सडक र पार्किङबारे पनि सोचेका होलान् । सुरुवातमै पार्किङ र सार्वजनिक शौचालयबारे उनले चासो देखाएकै थिए ।

नाम न्युरोड भए पनि आफैमा यो पुरानो सडक हो ! न्यूरोडको यो द्वन्द्वलाई ईगोको लडाइँ नबनाई हाम्रा सडकको स्वरूप र संरचनाबारे सिर्जनात्मक बहसको शुरुवात बनाउन पनि सकिन्छ । कसै न कसैले यसको सुरुवात गर्नै पर्ने थियो । काठमाडौंले गरेको छ, बालेनले गरेका छन् ! हामी पनि गरौं !

*(गाउँलेको सामाजिक सञ्जालबाट साभार ।)*

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | शत्रु सकिय हुनेछन् । नयाँ सम्पर्क बढ्ने योग छ । |
| वृष : | बाटो हिँड्दा सावधानी राख्नुपर्छ । यशमा वृद्धि हुने देखिन्छ । |
| मिथुन : | राजनैतिक कार्य सफल हुनेछ । वाणी संयम राख्नुपर्छ । |
| कर्कट : | अर्काको विवादमा पर्नु हुँदैन । भूमि सम्बन्धी कार्यमा लाभ मिल्नेछ । |
| सिंह : | आध्यात्मिक यात्रा हुने योग छ । व्यापारमा वृद्धि हुनेछ । |
| कन्या : | खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला : | जग्गा खरीद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| वृश्चिक : | वाहन सावधानी जरुरी छ । धार्मिक कार्यमा सहभागी हुने योग छ । |
| धनु : | दाम्पत्य जीवन सुखमय हुनेछ । शैक्षिक कार्यमा प्रगति हुने योग छ । |
| मकर : | आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रोकावटको योग छ । |
| कुम्भ : | तनाव बढ्नेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| मीन : | सम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरूको लागि समय राम्रो छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# इजरायलले गऱ्यो चार बन्धकलाई जीवितै उद्धार

**काठमाडौं/एजेन्सी–** इजरायलले शनिबार आफ्नो सेनाले चार जना बन्धकलाई जीवितै उद्धार गरेको जनाएको छ । संयुक्त राष्ट्रसंघद्वारा गाजाको शरणार्थी शिविरमा सञ्चालित एक विद्यालयमा भएको घातक आक्रमणको छानबिनका बाबजुद सुरक्षा कारबाहीलाई तीव्रता दिइरहेका बेला बन्धकलाई जीवतै रिहा गरिएको शनिबार इजरायली सेनाले जनाएको हो ।



गत अक्टोबर ७ मा भएको आक्रमणका क्रममा प्यालेस्टिनी इस्लामिक लडाकू समूह हमासले नोभा म्युजिक फेस्टिभलबाट ती चारै जनालाई अपहरण गरेको सेनाले जनाएको छ । उद्धार गरिएकामा २५ वर्षीय नोआ अर्गमानी, २१ वर्षीय अल्मोग मेइर जनवरी, २७ वर्षीय आन्द्रे कोज्लोभ र ४० वर्षीया श्लोमी जिभ रहेका छन् । नुसिरातको मुटुमा रहेका दुई छुट्टाछुट्टै स्थानबाट 'जटिल दिनको अपरेसन'मा रहेको सेनाले जनाएको छ ।

सेनाले दुर्लभ बन्धक उद्धारको घोषणा गर्नुभन्दा केही समयअघि नुसिरात शिविर वरपरका 'हमासका अखडा र संरचना'लाई निशाना बनाइरहेको बताएको थियो । गाजाको एक अस्पतालले नुसिरात शिविरलगायत मध्य क्षेत्रमा शनिबार भएको भीषण आक्रमणमा परी कम्तीमा १५ जनाको मृत्यु भएको जनाएको छ ।

हमासले 'मृतकका शव र घाइतेजनलाई सुरक्षित कोठामा राखिएको' बताएको छ र 'नुसिरात शिविरमा इजरायली सेनाले क्रूर र बर्बर आक्रमण गरेको' आरोप लगाएको छ । गाजाको एक अस्पतालमा बिहीबार संयुक्त राष्ट्रसंघद्वारा सञ्चालित एक विद्यालयमा भएको आक्रमणमा ३७ जनाको मृत्यु भएपछि इजरायलमाथि बढ्दो दबाबका बाबजुद नुसिरातमा आक्रमण भएको हो ।

इजरायली सेनाले उक्त विद्यालयमा आक्रमण गरेको स्वीकार गरे पनि १७ जना 'आतंककारी' मारिएको बताएको छ । प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकाय युएनआरडब्लुएले इजरायलले छ हजार विस्थापितलाई आश्रय दिइरहेको उक्त विद्यालयमा आक्रमण गरेको भन्दै त्यसको निन्दा गरेको छ ।

सामाजिक सञ्जाल एक्सको एक पोस्टमा युएनआरडब्लुएले पूर्व चेतावनीबिना विद्यालयमा बनाइएको आश्रयस्थललाई आक्रमण गरिएको बताएको छ । इजरायलले गाजामा हमास र उसका सहयोगीहरूले संयुक्त राष्ट्रसंघद्वारा सञ्चालित सुविधासहित नागरिक पूर्वाधारलाई परिचालन केन्द्रको रूपमा प्रयोग गरेको आरोप लगाएको छ ।

# अपोलो–८ अन्तरिक्षयात्री एन्डर्सको विमान दुर्घटनामा मृत्यु

**काठमाडौं/एजेन्सी–** ५५ वर्षअघि अन्तरिक्षबाट ऐतिहासिक 'अर्थराइज' फोटो खिच्ने पूर्व अमेरिकी अन्तरिक्ष यात्री विलियम एन्डर्सको शुक्रबार ९० वर्षको उमेरमा विमान दुर्घटनामा मृत्यु भएको उनको परिवारले जनाएको छ ।

एन्डर्स सानो विमान उडाउँदै गर्दा शुक्रबार बिहान वासिङ्टन राज्यको तटमा दुर्घटनाग्रस्त भएको उनको छोराले अमेरिकी मिडियालाई बताए । विमानमा एन्डर्स एक्लै थिए । शेरिफ एरिक पिटरले दुर्घटना क्षेत्रमा खोजी भइरहेको तर अहिलेसम्म शव फेला नपरेको बताए ।



डिसेम्बर १९६८ मा अपोलो-८ मिसनको सदस्य, एन्डर्स उनका समकक्षी फ्रान्क बोर्मन र जेम्स लभेलसँगै चन्द्रमामा पुग्ने पहिलो व्यक्तिमध्ये एक थिए । चन्द्रमाको एउटा कक्षबाट, एन्डर्सले अन्तरिक्षको विशाल अन्धकारको बिरूद्ध चम्किलो निलो पृथ्वीको फोटो खिचेका थिए । 'अर्थराइज' नामक उक्त तस्बिर प्रमुख ऐतिहासिक छविहरूको राउन्डअपमा सूचीबद्ध गरिएको छ र लाइफ म्यागजिनको पुस्तक 'संसार बदलेको १०० तस्बिरहरु'को सूचीमा समावेश गरिएको थियो ।

'सन् १९६८ मा अपोलो-८ को समयमा बिल एन्डर्सले मानवतालाई अन्तरिक्ष यात्रीले दिन सक्ने सबैभन्दा ठुलो उपहार प्रदान गर्नुभएको थियो,' नासाका प्रमुख बिल नेल्सनले सामाजिक सञ्जाल एक्समार्फत बताए ।

सन् १९३३, अक्टोबर १७ मा हङकङमा जन्मिएका एन्डर्सले अन्तरिक्ष यात्रीको रूपमा आफ्नो समयपछि विभिन्न प्रविधि-सम्बन्धित सरकारी पदहरू सम्हाले । उनी विशेषगरी आणविक नियामक आयोगको पहिलो अध्यक्ष बने र त्यसपछि नर्वेका लागि अमेरिकी राजदूतको रूपमा पनि सेवा गरेका थिए ।

## चीन र पाकिस्तानबीच सिपेक स्तरोन्नतिको सहमति

**काठमाडौं/एजेन्सी–** चिनियाँ राष्ट्रपति सी जिनपिङ र पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफबीच चिन-पाकिस्तान इकोनोमिक कोरिडोर (सिपेक)को स्तरोन्नति गर्न सहमति भएको छ ।

आम चुनावपछि पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफ र उनको प्रतिनिधिमण्डल चीनको पाँच दिने भ्रमणमा रहेको अवस्थामा यस्तो सहमति भएको हो । दुई नेताले सिपेकको स्तरोन्नति र मेगा परियोजनाको विकासलाई दोस्रो चरणमा अगाडि बढाउन सहमति जनाएका छन् ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सिपेकको दोस्रो चरणको उद्घाटन गर्ने सम्भावना रहेको जनाइएको छ । यद्यपि यो यात्राले सामान्यतया जुनको पहिलो हप्तामा प्रस्तुत हुने वार्षिक संघीय बजेटमा ढिलाइ निम्त्याएको छ भने सरकारको अस्थायी योजनाअनुसार जुन-१२ मा प्रस्तुत हुने अपेक्षा गरिएको छ । पाकिस्तानी प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपति सीलाई आर्थिक सुधार, दिगो विकास, औद्योगिक विकास, कृषि आधुनिकीकरण, क्षेत्रीय सम्पर्क र देशको विकासमा सिपेकले खेलेको महत्वपूर्ण भूमिकाका लागि पाकिस्तानको नीतिबारे जानकारी गराए ।

## Kamal Rural Municipality
## Office of Rural Municipal Executive
**Topgachhi, Jhapa**

**First Date of publication: 2081-02-27 (09 June, 2024)**

1. Kamal Rural Municipality, Topgachhi, Jhapa invites electronic bids from eligible bidders for the following Construction works.

| S.N | Contract Identification No./ Work Description | Average Annual Construction Turnover, NRs | Specific Experience Requirements | Bid Capacity, NRs. | Bid Security Amount (N Rs) | Bid Document Fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 25/KRM/ADMINBUILDING/2080/081 Construction of Administrative Building, Kamal Rural Municipality, Jhapa. | 55.5 Million | As stated in Section III EQC of Bid Document | 74 Million | 24,00,000 | 5,000 | Single Stage Double Envelope |

| Last Date and Time of Submission of e-bids | Date and Time of Bid Opening | Pre Bid Meeting Date | Bid Validity Period | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|
| 09 JULY, 2024 (2081-03-25). 12:00 PM | 09 JULY, 2024 (2081-03-25).13:00 PM | 27 JUNE, 2024 (2081-03-13): 11:00 PM | 90 Days Counting from the Day of Bid Opening | Minimum 30 Days Beyond the Bid Validity Period | Single Stage DoubleEnvelope |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp.

## Binayi Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
**Nawalparasi (East of Bardghat Susta), Dumkibas**

**Gandaki Province, Nepal**

## Invitation For Online Bids

**Date of publication: 2081/02/25, (7th, Jun, 2024)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 43/BTRM/NCB/ Works/2080-081 | Tribeni Dham Religious Area Infrastructure Development Gandaki | 36,34,842.94 | 109000 | 3000.00 | 2081/03/09 (23th, Jun, 2024) Before 12:00 | 90 Days | 2081/02/32 (14th, Jun, 2024) at 1:00 PM | 2081/03/09 (23th, Jun, 2024) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## 'द्रौपदी'बाट सुजाताको डेब्यू



**काठमाडौं/मस-** नेपाली चलचित्रमा हाल मौलिकता खोजिँदैछ। हिरो, हिरोइन, गुन्डाजस्ता शब्दभन्दा अहिले पात्रहरूतिर ध्यानाकर्षण भइरहेको छ। राष्ट्रिय तथा अन्तरािष्ट्रियस्तरमा हाल आएर मौलिक चलचित्रको माग बढ्दै गएका कारण पनि हाल यस्ता चलचित्रको निर्माण क्रम बढ्दो छ।

ऋषिराज आचार्यद्वारा लेखन, निर्माण तथा निर्देशन गरिएको चलचित्र 'द्रौपदी' पनि मौलिक कथामा निर्माण भएको चलचित्र हो। कर्णाली प्रदेशको डोल्पा जिल्लामा छायाँकन गरी हाल सम्पादनमा रहेको चलचित्र 'द्रौपदी'मा दुई नायिकाले डेब्यू गरेका छन्। उनीहरु हुन्, सुजाता तिमल्सिना र आश्विनी शाही। सुजाता वेब सिरिज, विभिन्न विज्ञापन, म्युजिक भिडियो हुँदै चलचित्रमा प्रवेश गरेकी हुन्।

वेब सिरिज तथा विज्ञापनमा दर्शकले गरेको माया देखेर आफूलाई चलचित्र क्षेत्रमा आउन थप प्रेरणा मिलेको उनी बताउँछिन्। वेब सिरिज, म्युजिक भिडियो तथा विज्ञापनमा भन्दा ठूलो पर्दाको चलचित्रमा दर्शकको अझ बढी माया पाउनेमा उनी विश्वस्त छिन्।

शुरुमा भने यस क्षेत्रमा आउन घरपरिवारले अनुमति नदिएको उनी बताउँछिन्। 'यो क्षेत्रमा आफ्नो कोही नभएकाले घरमा कन्भिन्स गर्न निकै गाह्रो भयो, तर आफू यो क्षेत्रकै लागि जन्मेको महसुस भएकाले म परिवारलाई बुझाउन लागिरहें। अन्ततः मेरो कलाकार बन्ने सपना पूरा भयो। परिवारले मलाई यो क्षेत्रमा लाग्ने अनुमति दियो,' उनले भनिन्।

उनी आफ्नो अभिनयको सपना पूरा गर्नमा आर.बी. मुभिजको भूमिका निकै महत्वपूर्ण रहेको बताउँछिन्। उनी भन्छिन्, 'मेरो सपनाको ढोका आर.बी.मुभिजले खोल्यो। आर.बी. मुभिजमा अभिनयको कक्षा लिएपछि सुहाउँदो भूमिकामा अभिनय गर्ने अवसर पाइँदो रहेछ। मलाई पनि त्यो अवसर जुर्‍यो।' ऋषिराज आचार्यबाट अभिनयको कक्षा लिएकी सुजाता जस्तोसुकै भूमिकाका लागि आफू तयार रहेको बताउँछिन्। तर आफ्नो भूमिकाले समाजलाई सकारात्मक प्रभाव पार्नुपर्ने उनको भनाइ छ। चलचित्र 'चुरिफुरी' हुँदै 'द्रौपदी'सम्म सहायक निर्देशकको समेत भूमिका निभाउँदै आएकी सुजाता बुवा रेवती तिमल्सिना तथा माता अनुका तिमल्सिनाकी छोरी हुन्। उनी काभ्रेमा जन्मिएकी हुन्।

सानैदेखि कलाकार बन्ने सपना बोकेकी सुजाता आफूलाई नेपाली समाज, नेपाली संस्कृति सुहाउँदो चलचित्रमा काम गर्ने चाहना रहेको बताउँछिन्। हाल स्नातक चौथो वर्षमा अध्ययनरत सुजाता कलाकारितासँगै अध्ययनलाई पनि निरन्तरता दिन चाहन्छिन्। 'द्रौपदी'बाट शुरु भएको ठूलो पर्दाको यात्रालाई जीवनभर निरन्तरता दिने उनको सोच छ।

## 'पूर्ण बहादुरको सारङ्गी'को छायाँकन शुरु



**काठमाडौं/मस-** फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को छायाँकन शुरु गरिएको छ। सेभेन सिज सिनेमाको प्रस्तुतिमा बन्न लागेको फिल्मको छायाँकन ओखलढुंगा जिल्लाको रुम्जाटारबाट शुरु गरिएको हो। फिल्मको ओपनिङ दृश्य गायक तथा कलाकार प्रकाश सपूत र बालकलाकार जान्भि पौडेल दिएका थिए।

कलाकारहरूको लाइनअप बलियो रहेको 'पूर्ण बहादुरको सारङ्गी'मा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, अञ्जना बराइलीको मुख्य भूमिका रहेको छ। यस्तै फिल्ममा विनोद न्यौपाने, भोलाराज सापकोटा, बुद्धि तामाङ, माओत्से गुरुङ र देशभक्त खनालगायतका कलाकारहरुको पनि अभिनय रहनेछ। यस्तै यो फिल्मको बालकलाकारमा जान्भि पौडेल र स्वायम् केसीको अभिनय रहने छ।

फिल्मका लेखन तथा निर्देशन सरोज पौडेल हुन्। सोसल-ड्रामा जनरामा बन्ने फिल्म गन्धर्व परिवारको कथामा आधारित रहनेछ। यस फिल्मलाई अन्तरािष्ट्रयरुपमा फिल्म वितरण गर्दै आएको कम्पनी सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गर्न लागेको हो। फिल्ममा कलाकारहरुको भूमिका बारेमा अहिले केही पनि खुलाइएको छैन। अहिलेसम्म अनुबन्धित भएका सबै कलाकारहरूलाई शीर्ष भूमिकामा देख्न सकिने निर्माता विनोद पौडेलले बताएका छन्।

फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद रहेको छ। फिल्ममा प्रशान्त सिवाकोटीको संगीत, हेमन्त कान्छा रसाइलीको सारंगी रहने छ। विनोद पौडेल र प्याट्रिक सुवेदी फिल्मका लगानीकर्ता हुन्। फिल्मको कार्यकारी निर्मातामा रमेश चौलागाईं र हरि श्रेष्ठ रहेका छन्। निर्माण टिमले फिल्मलाई २०८२ सालभित्र विश्व बजारमा प्रदर्शन गर्ने लक्ष्य राखेको छ।

---

### बेलबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**कोशी प्रदेश**

### बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२७**

आ.व. २०८०/८१ मा यस कार्यालयको तपसिल बमोजिमका खरिद कार्य गर्नुपर्ने भएको हुँदा उक्त खरिद कार्य विद्युतीय माध्यमबाट गराउनुपर्ने भएकाले इजाजत प्राप्त व्यवसायीबाट रीतपूर्वक बोलपत्र आह्वानका लागि यो सार्वजनिक सूचना प्रकासन गरिएको छ। विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https://www.bolpatra.gov.np/egp/ मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | बोलपत्रको नाम | फारम दस्तुर शूल्क | जमानत रकम रु | पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/G/NCB-03-080-081 | Supply and Delivery of Belbari Nagar Bus as per Specifications | ३,०००/- | ४,११,०००/- | २०८१ असार २६ गते दिनको १२:०० बजेसम्म | २०८१ असार २६ गते दिनको २:०० बजे |

**नोट** : १) आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा हुनेछ। अन्य विषय सम्बद्ध कानुन बमोजिम हुनेछ।
२) सूचनामा उल्लेखित शर्तहरुको थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

### रतुवामाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**सिजुवा, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### करार पदपुर्ति सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८१/०२/२७)**

प्रस्तुत विषयमा यस रतुवामाई नगरपालिका, सिजुवा, मोरङको २०८१/०२/२२ गतेको कार्यपालिकाको निर्णयानुसार नगर अस्पताल झुर्कियाका लागि तपसील बमोजिम जनशक्ति करार सेवामा छनौट गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

**तपसीलः**

| विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर | परीक्षाको किसिम | न्युनतम शैक्षिक योग्यता | पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 03/080–081 | मेडिकल अधिकृत | ८ | २ | १००० | अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको | नेपाल सरकारले सम्बन्धित तहको लागि तोके बमोजिम। | |

१. **निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि। सबै प्रमाणपत्रहरु उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनुपर्नेछ।
२. भिडियो एक्सरे सम्बन्धी दक्षता र अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ।
३. **उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ।
४. **आवेदन बुझाउने स्थान**: रतुवामाई नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सिजुवा, मोरङमा पेश गर्नु पर्नेछ।
५. **अन्तर्वार्ता हुने केन्द्र र मितिः** रतुवामाई नगरपालिकाको कार्यालय, सिजुवा, मोरङ। केन्द्र र मिति पछि प्रकाशन गरिनेछ।
६. **अन्य** : क) कर्मचारीको छनौट सम्बन्धी सम्पूर्ण अधिकार रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।
ख) सम्बन्धित क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिईनेछ।
ग) थप सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ।
घ) थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं. ०२१-४१४०५७ मा सम्पर्क गर्न सक्नुहुनेछ वा नगरपालिकाको वेवसाईट www.ratuwamaimun.gov.np द्वारा समेत बुझ्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


**Kuwait मा रोजगार** 1. Home Peace Decoration And Design Works Co

पूर्व स्वीकृती मितिः २०८१/०२/२५ चलानी नं.: ६०२२०७१६ LT No.: 305991

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Tails Manson | 02 | 00 | काममा दक्ष | 140 | ६०,९६१/- | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Labour | 02 | 00 | काममा दक्ष | 120 | ५२,२५२/- | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

2. The Regent Cafe And Restaurant Company

पूर्व स्वीकृती मितिः २०८१/०२/२३ चलानी नं.: ६०२२०७१९ LT No.: 305777

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Indoor | 00 | 03 | काममा दक्ष | 100 | ४३,५४३/- | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Barista | 06 | 00 | काममा दक्ष | 130 | ५६,६०६/- | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ असार २ गते (16 Jun., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com



**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : EFS FACILITIES MANAGEMENT SERVICES LLC शहर : UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२२ चलानी नं: ६०२२०६१० L.T. No.: 305759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 200 | 100 | स. काममा दक्ष | 800 | २९,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २ गते (16 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Hope International (P) Ltd.
License No: 857/066/67
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeinternational.com.np, Website: www.hopeinternational.com.np
For Location



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः LANDSCAPE SPANISH CONTRACTING शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२५ चलानी नं.: ६०२२०७३५ LT. No.: 306004

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer Assistant/ brick Layer/mason | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | ordinary Labour/irrigation Labor/ garden Worker | 65 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २ गते (16 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



**UAE मा रोजगार** | कम्पनी : KHADAMAT CO.LLC शहर : UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२५ चलानी नं.: ६०२२०७१७ LT. No.:305990

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २ देखि असार ९ गते सम्म (16 to 23 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

NEPAL MANPOWER PVT. LTD.
Govt.Lic.No. 1099/073/074
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9851042539, 9869160808
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np

### टी–२० विश्वकप

# बंगलादेश र अफगानिस्तानको जित




**काठमाडौं/मस-** आईसीसी टी-२० विश्वकप क्रिकेटमा बंगलादेशले विजयी शुरुवात गरेको छ । श्रीलंकाले दिएको १२५ रनको लक्ष्य १९ ओभरमा ८ विकेट गुमाएर पूरा गर्दै बंगलादेशले २ विकेटको जित निकालेको हो ।

खराब शुरुवात गरेका बंगलादेशलाई लिटन दास र टोहिड हेरिडोको पारिले उकासेको हो । शुरुमै सौम्य सरकार र तनजिद हसनलाई गुमाएको बंगलादेशको ब्याटिङलाई लिटन दास र हेरिडोले सम्हालेका थिए । लिटन दास ३८ बलमा ३६ रन बनाएर आउट हुँदा एक छक्का र २ चौका प्रहार गरे ।

यसैगरी हेरिडोले २० बलमा ४० रनको आक्रामक पारि खेल्दा चार छक्का र एक चौका हिर्काए । सकिब अल हसन ८ रनमा आउट हुँदा कप्तान नजिमुल होसेन ७ रनमात्र जोडेर पभेलियन फर्किए ।

अन्तिम २ ओभरमा ११ रन आवश्यक परेका बेला बंगलादेशका मोहम्दुल्लाहले छक्का प्रहार गर्दै जित नजिक लगेका थिए । उनले १३ बलमा १६ रनको नटआउट पारि खेल्दै जित दिलाए । श्रीलंकाका नुवान तुसाराले ४ ओभरमा १८ रन खर्चिएर ४ विकेट लिए । वानेन्दू हसरंगाले दुई विकेट हात पारे ।

टस हारेर पहिला ब्याटिङ गरेको श्रीलंकाले निर्धारित ओभरमा ९ विकेट गुमाएर १२४ रन बनाएको हो । खराब सुरुआत गरेको श्रीलंकाका लागि पथुम निसनकाले सर्वाधिक ४७ रन बनाउँदा धनञ्जय डी सिल्भाले २१ तथा चरिथा असलंकाले १९ रन बनाए ।

यस्तै एन्जेलो म्याथ्युजले १६ रन जोड्दा कुशल मेन्डिसले १० रन जोडे । चार खेलाडीले खाता पनि खोल्न सकेनन् । बंगलादेशका रिसद होसेन र मुस्तफिजुर रहेमानले तीन तीन विकेट लिँदा तक्सिन अहमेदले २ विकेट हात पारे । तन्जिम हसन सकिबको नाममा एक विकेट रह्यो ।

जितसँगै नेपाल पनि रहेको समूह डीमा बंगलादेशले २ अंक जोडेको छ । बंगलादेशले पहिलो खेलमै जित हात पार्दा श्रीलंकाको भने यो लगातार दोस्रो हार हो ।

यस्तै विश्वकपमा अफगानिस्तानले लगातार दोस्रो जित निकालेको छ । शनिबार भएको खेलमा अफगानिस्तानले न्युजिल्याण्डलाई ८४ रनले पराजित गरेको हो । अफगानिस्तानले दिएको १६० रनको लक्ष्य पछ्याएको न्युजिल्याण्ड १५.२ ओभरमा सबै विकेट गुमाएर ७५ रनमा समेटियो । अफगानिस्तानले पहिलो पटक टी-२० विश्वकपमा न्युजिल्याण्डलाई पराजित गरेको हो ।

खराब शुरुवात गरेको न्युजिल्याण्डका लागि ग्लेन फिलिप्सले सर्वाधिक १८ रन बनाउँदा माट हेनरीले १२ रन जोडे । अरुले दोहोरो अंकमा रन बनाउन सकेनन् । ओपन फिन एलेन र मिचेल ब्रासवेल गोल्डेन डकआउट भएका थिए । अफगानिस्तानका फाजलहक फारुकी र रासिद खानले चार-चार विकेट लिए । मोहमद नाविले दुई विकेट लिए ।

टस हारेर पहिला ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित ओभरमा ६ विकेट गुमाएर १५९ रन बनाएको थियो । अफगानिस्तानले उत्कृष्ट शुरुवात गर्दै पहिलो विकेटका लागि शतकीय साझेदारी गरेको थियो । अफगानिस्तानका रमनुल्लाह गुर्वाज र इब्राहिम जर्दानले पहिलो विकेटका लागि १०३ रनको साझेदारी गर्दै खेललाई अघि बढाए । १४.३ ओभरमा इब्राहिम जर्दान ४१ बलमा ४४ रनको पारि खेलेर आउट भए । उनले दुई छक्का र तीन चौका प्रहार गरेका थिए ।

गुर्वाजलाई साथ दिन अज्मतुल्लाह ओमरजाई आएका थिए । यी दुई खेलाडीले २४ रनको मात्रै साझेदारी गरे । अज्मतुल्लाह १२ बलमा २२ रन बनाएर आउट भएका थिए । उनले दुई छक्का र एक चौका प्रहार गरे । मोहम्मद नावी गोल्डेन डकआउट भएपछि अफगानिस्तानले १७.४ ओभरमा टिमको स्कोर १३६ रन हुँदा तेस्रो विकेट पतन भयो ।

कप्तान रासिद खान ५ बलमा ६ रन बनाउँदै रन आउट भए । उनले एक चौका प्रहार गर । एक छेउमा टिकेका रमनुल्लाह गुर्वाज १९.२ औं ओभरमा आउट भएका थिए । उनले ५६ बल फेस गर्दा पाँच छक्का र पाँच चौकाको मद्दतले ८० रनको शानदार पारि खेले ।

न्युजिल्याण्डका माट हेनरी र ट्रेन्ट बोल्टले दुई-दुई विकेट लिँदा लोकी फर्गुसनले एक विकेट हात पारे । लगातार दोस्रो जितका साथ अफगानिस्तान समूह सीमा ४ अंक बनाउँदै शीर्ष स्थानमा छ ।

# राष्ट्रिय फुटबल खेलाडी प्रिती सम्मानित



**धरान/मस-** धरान उपमहानगरपालिका-१७ साक्ेला उद्यान (पार्क)मा शनिबार सम्पन्न भएको उभौली साकेलाका अवसरमा राष्ट्रिय महिला फुटबल खेलाडी प्रिती राईलाई नगदसहित सम्मान गरिएको छ । किरात राई यायोक्खा सुनसरीले आयोजना गरेको उभौली साकेलाका अवसरमा रु एक लाख पाँच हजार ८४ र सम्मानपत्रसहित उनलाई सम्मान गरिएको हो । यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राई, धरान उपमहानगरपालिका प्रमुख हर्क साम्पाङ, पूर्वप्रमुख तिलक राईले दोसल्ला ओढाएर नगदसहित राईलाई सम्मान गरेका थिए । खेलाडी प्रितीले १६ वर्षको उमेरमै पहिलोपटक नेपाली राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएकी खेलाडी हुन् । विसं २०६१ मा जन्मिएकी प्रितीलाई राष्ट्रिय महिला फुटबल टिमकी उदयीमान र कान्छी खेलाडी भनेर पनि चिनिन्छ । उनी नेपाल यु-१५ र यु-१६ टोलीको कप्तानसमेत रहेकी प्रिती दोस्रो अवसरमा राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएकी थिइन् । उभौली साकेलाको अवसरमा राष्ट्रिय एथलेटिक्स प्रशिक्षक पार्वती राई, महेन्द्र बहुमुखी क्याम्पस धरानका क्याम्पस प्रमुख चन्द्रकुमार राई, इन्जिनियर पारसमणि राई र एमबिई सुवास राईलाई समेत यायोक्खा सुनसरीले दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो ।

### एनभिए भलिबल प्रतियोगिता

# महिलातर्फ पुलिस र पुरुषतर्फ हेल्प नेपाल च्याम्पियन




काठमाडौं/मस- आठौं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल प्रतियोगितामा महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको छ भने पुरुषतर्फको उपाधि टिपटप हेल्प नेपालले जितेको छ ।

त्रिपुरेश्वस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कवर्डहलमा शनिबार सम्पन्न फाइनल खेलमा एभरेष्ट भलिबल क्लबलाई पराजित गर्दै पुलिसले महिलातर्फको उपाधि जितेको हो भने गण्डकी भलिबल एशोसिएसनलाई पराजित गर्दै हेल्प नेपालले पुरुषतर्फको उपाधि जितेको हो ।

महिलातर्फ पुलिसले लिगमा अपराजित रहँदै फाइनल पुगेको एभरेष्ट भलिबल क्लबलाई ३-२ ले पराजित गरेको हो । पुलिसले एभरेष्टलाई २५-२१, २५-२३, २०-२५, २०-२५ र १५ -१२ को सेटमा पराजित गरेको हो ।

पहिलो र दोस्रो सेटमा लगातार जित हात पारेको पुलिसले तेस्रो र चौथो सेट भने गुमाएको थियो । तर पाँचौं सेट जित्दै डिफेन्डिङ च्याम्पियन पुलिस उपाधि रक्षा गर्न सफल भयो ।

यस्तै पुरुषतर्फ गण्डकीलाई ३-२ को सेटमा पराजित गर्दै हेल्प नेपाल च्याम्पियन बनेको हो । पहिलो सेट २२-२५ ले जितेको हेल्प नेपालले दोस्रो सेट भने २५-२० ले गुमाएको थियो । तेस्रो र चौथो सेट २०-२५ र २०-२५ ले जित्दै हेल्प नेपाल उपाधि रक्षा गर्न सफल भयो । लिग चरणमा अपराजित हुँदै आएको गण्डकी फाइनलमा भने हार व्यहोर्न बाध्य भयो ।


## माइग्रेसन हरायो

मिति २०८१/०१/०५ गते पाटनढोकाबाट लगनखेलसम्म जाँदा मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

**नाम** : इश्वर थापा
**रजिष्ट्रेशन नं.** : ६९२७७६२२९
**सिम्बल नं.** : २२७१५९६९
**मोवाइल नं.** : ९८४०२५४२०८

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०२/२७**

**कालिका हेल्थकेयर प्रा.लि.**को मिति २०८०/०९/१८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कालिका मोर्डन रियल स्टेट प्रा.लि. (प्रा.लि. नं.: १६२७०९)** कायम गर्ने गरी मिति २०८०/०९/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति २०८१/०२/२७

यस कम्पनीको मिति २०८०/१२/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाम **टिजामोर अनलाइन स्टोर प्राईभेट लिमिटेड (Tsarmoire Online Store Private Limited)** (दर्ता नं.१९७१७०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०२/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टिजामोर प्राईभेट लिमिटेड (Tsarmoire Private Limited)** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कर्मचारी हटाइएको सूचना

**नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस Siddhartha Gautam Overseas Services Pvt. Ltd. इजाजत पत्र नं.: ४५४/०६०/०६१) मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्वन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्वन्धि कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्वन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।**

| सि.नं. | नाम | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|
| १. | जगदेब यादब | ०७७४२१०० | धनुषा |
| २. | नारायण बहादुर पछाई | १४-८८० | कपिलबस्तु |
| ३. | लक्ष्मी गौतम | ३०१०१९-१७३०६५ | काभ्रेपलाञ्चोक |
| ४. | राज कुमार तामाङ्ग | ८५६९ | भोजपुर |

श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1010001433 | Jigyasha Shrestha | Balkot-5,Bhaktapur |
| 2 | PLI1030001933(S) | Kumari Tamang | Kumari-3,Nuwakot |
| 3 | ULI3020000128 | Maiya Maharjan | Barahathawa-1 Sarlahi Sarlahi |
| 4 | PLI1250001669 | Nabin Prasad Bhandari | Sukathaker-2 Dolakha |
| 5 | GLI0010015510 | Nil Mani Pathak | Piple V.D.C Ward No.-09 Chitwan |

## गोलन्जोर गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**ग्वालटार, सिन्धुली**

## बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**(सूचना प्रकाशित मिति २०८१।०२।२७)**

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८०।०८१ को बार्षिक वजेट अनुसार मिति २०८१।०१।१६ गतेको प्रभात राष्ट्रिय दैनिक पत्रिका र PPMO e–GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

| क्र. सं | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम मु.अ. कर सहित |
|---|---|---|---|---|
| १ | GRM/SIN/GOODS/NCB/20/080/081 | Supply and Delivery of Medicines | Dalima Medisales., Kathmandu-11, Kathmandu | ५,०७,६६३।२४ |
| २ | GRM/SIN/GOODS/NCB/21/080/081 | Procurement And Installation Of CCTV Camera And Digital Attendance Machines At Various Site of Golanjor Rural Municipality Ward No.6 | H.P. Computer Center, Kamalamai-06, Sindhuli | ६,३२,३५९।३० |

**प्रमुख प्रशासकीय अधिकृत**

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०२/२७ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले पोखरा शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्वन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री प्राइम वहुउदेश्यीय सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : पोखरा- ४, कास्की ।**
**हालको ठेगाना : पोखरा-४, कास्की । दर्ता नं: : ६५९/०६६/६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : निदेश प्रसाद कोइराला (पूर्व अध्यक्ष तथा जमानीकर्ता)**
बुवा : भूवनेश्वर कोइराला
बाजे : दुर्गादत्त कोइराला
ना प्र नं. : २३९२
ठेगाना : पोखरा-४, कास्की

**२) नाम : शंकर कार्की (पूर्व उपाध्यक्ष तथा जमानीकर्ता,वर्तमान,अध्यक्ष)**
बुवा : बलराम कार्की
बाजे : रत्न बहादुर कार्की
ना.प्र.नं : ९९५१०
ठेगाना : पोखरा-१४, कास्की

**३) नाम : सुरेन्द्रमणी पौडेल (पूर्व सचिव तथा जमानीकर्ता, वर्तमान प्रमुख कार्यकारी अधिकृत)**
बाबु : सूर्यमणी पौडेल
बाजे : देवी प्रसाद पौडेल
ना.प्र.नं: १४८९४१
ठेगाना : लेखनाथ-६, कास्की

**४) नाम : कुलदिप भट्टराई (पूर्व कोषाध्यक्ष तथा जमानिकर्ता)**
बाबु : नवराज भट्टराई
बाजे : बलभद्र भट्टराई
ना.प्र.नं : ४६-०२-७३-००५८९
ठेगाना : लेखनाथ-१२, कास्की

**५) नाम : सीता कुमारी गुरुङ (पूर्व संचालक तथा जमानीकर्ता)**
बाबु : रुप वहादुर गुरुङ
बाजे : टेक बहादुर गुरुङ
ना.प्र.नं : ६७४७
ठेगाना : भुकताङले-३, पर्वत

**६) नाम : जीवन सार्की (पूर्व संचालक तथा जमानीकर्ता)**
बाबु : सोमलाल सार्की
बाजे : सहदेव सार्की
ना.प्र.नं : ४३८२४
ठेगाना : पोखरा-३, कास्की

**७) नाम : धन कुमारी गुरुङ (पूर्व संचालक तथा जमानीकर्ता)**
बाबु : गौ प्रसाद गुरुङ
बाजे : छाने गुरुङ
ना.प्र.नं: ३६३८
ठेगाना : भुकताङले-२, पर्वत

**८) नाम : निरु थापा के.सी. (व्यवस्थापक तथा जमानीकर्ता)**
बाबु : सुव बहादुर थापा
बाजे : बुद्धि बहादुर थापा
ना.प्र.नं : १५५७४८
ठेगाना : काहुँ-९, कास्की

**९) नाम : दिपा कोइराला (उपाध्यक्ष)**
बाबु : डिल्ली नाथ कोइराला
बाजे : दुर्गा प्रसाद कोइराला
ना.प्र.नं : ३७५६८
ठेगाना : पोखरा-४, कास्की

**१०) नाम : ओम प्रकाश उपाध्याय (सचिव)**
बाबु: बालकृष्ण उपाध्याय
बाजे : यज्ञपति उपाध्याय
ना.प्र.नं : ६८८१
ठेगाना : वाग्लुङ-१, वाग्लुङ

**११) नाम : सन्दिप अर्याल (कोषाध्यक्ष)**
बाबु : देवी नारायण अर्याल
बाजे : यदुनाथ अर्याल
ना.प्र.नं : ७३१७१
ठेगाना : पुतलीबजार-१०, स्याङजा

**१२) नाम : रामजी घजु (संचालक सदस्य)**
बाबु : कृष्ण बहादुर घजु
बाजे : पृथ्वी बहादुर घजु
ना.प्र.नं : २६७३-भक्तपुर
ठेगाना : पोखरा लेखनाथ-४, कास्की

**१३) नाम : रोशन महर्जन (संचालक सदस्य)**
बाबु : ओम लाल महर्जन
बाजे : मिन बहादुर महर्जन
ना.प्र.नं : ८३३५२
ठेगाना : ठेचो-२, ललितपुर

**१४) नाम : सन्तोष कुमार श्रेष्ठ (संचालक सदस्य)**
बाबु : भिमलाल श्रेष्ठ
बाजे : गणेशमान श्रेष्ठ
ना.प्र.नं : ३७७८६
ठेगाना : पोखरा-८, कास्की

**१५) नाम : राज कुमार अर्याल (संचालक सदस्य)**
बाबु : शोभाकान्त अर्याल
बाजे : पदम पानी अर्याल
ना.प्र.नं : ७५७७८
ठेगाना : पुतलीबजार-१३, स्याङजा

**१६) नाम : अनन्त नागिला (संचालक सदस्य)**
बाबु : चुडामणि नागिला, बाजे : उदय चन्द्र नागिला
ना.प्र.नं : ७३४००, ठेगाना : स्याम्घो-३, तनहूँ

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री देवीप्रसादको नाति श्री सूर्यमणी पौडेलको छोरा कास्की जिल्ला लेखनाथ न.पा नं. ०६ बस्ने श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला अर्घौं गा.वि.स. वडा नं. २ को कित्ता नं. क्रमश २०२१, २०२२, ३१३०, २०१९, २०२४ र १५९१ को क्षेत्रफल क्रमश १५२६.२२, १५२६.२२, २५५३.६४, १५२६.२२, ३५६१.१८ र १०८९.०२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री देवीप्रसादको नाति श्री सूर्यमणी पौडेलको छोरा कास्की जिल्ला लेखनाथ न.पा नं. ०६ बस्ने श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ४ को कित्ता नं. क्रमश १८५ र २०१ को क्षेत्रफल क्रमश २१३.२० र २४१.२० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री सहदेव को नाति श्री सोमलाल सार्की को छोरा कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. ०३ बस्ने श्री सरोज सार्की को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा गा.वि.स. वडा नं. ३ को कित्ता नं. ३३८ को क्षेत्रफल १००.०० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री प्रेम बहादुर को छोरा बुहारी श्री नृपेन्द्र कुमार श्रेष्ठ को पत्नि कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १ बस्ने श्री विमला श्रेष्ठ को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. वडा नं. ५ को कित्ता नं. ४९४ को क्षेत्रफल ९१०.१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री विष्णु कुमार श्रेष्ठ को नाति श्री वखत नारायण श्रेष्ठ को छोरा तनहूँ जिल्ला व्यास गा.वि.स. वडा नं. १० बस्ने श्री शंकर नारायण श्रेष्ठ को नाममा मालपोत कार्यालय तनहूँमा दर्ता श्रेस्ता कायम रहेको तनहूँ जिल्ला फराकचौर गा.वि.स. वडा नं. ९ को कित्ता नं. क्रमश ७७१, ९०६, २४९४ र २५४० को क्षेत्रफल क्रमश १०१७.४८, १२७.१८, १३५.१३ र ५१६.६९ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. सहकारी विभाग, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की पोखरामा मिति २०६६/१०/२८ दर्ता नं. ६५९/०६६/६७ रजिष्टर्ड ठेगाना पोखरा-४, कास्की भएको श्री प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. १ को कित्ता नं. १२४९५ को क्षेत्रफल ३९५२.६० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
७. सहकारी विभाग, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की पोखरामा मिति २०६६/१०/२८ दर्ता नं. ६५९/०६६/६७ रजिष्टर्ड ठेगाना पोखरा-४, कास्की भएको श्री प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय गोरखा मा दर्ता श्रेस्ता कायम रहेको गोरखा जिल्ला च्याङली गा.वि.स. वडा नं. ७ को कित्ता नं. क्रमश ९३०, ९२९, १००८, ११२४, १५०९, १९३७, १९३८, १३६१ र १३६२ को क्षेत्रफल क्रमश ३२२९.३१, ३७४९.९७, १९९५.२१, ८६८.३७, ९२५.९९, ११४४.६६, ५९७७.७०, १५२६.२२ र १६०५.७० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
८. श्री सफिउल्ला मिया को बुहारी श्री मोहम्मद फारुक को श्रीमती कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१३ बस्ने श्री सखुरन मिया को नाममा मालपोत कार्यालय कास्की पोखरामा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा उ.प.न.पा. वडा नं.१३ को कित्ता नं.२५९ को क्षेत्रफल १९१.२०र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
९. श्री भुवनेश्वर कोइराला को बुहारी श्री निदेश प्रसाद कोइरालाको को श्रीमती कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०४ बस्ने श्री विजया कोइराला को नाममा मालपोत कार्यालय सुनसरी इनरुवामा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला इटहरी उ.प.न.पा. वडा नं. ४ को कित्ता नं. १७२९ को क्षेत्रफल २३७.०१र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
१०. श्री दुर्ग बहादुर को नाती श्री कर्ण बहादुर के.सी. को छोरा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२१ बस्ने श्री विकास के.सी.को नाममा मालपोत कार्यालय कास्की चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला बछ्यौली गा.वि.स.. वडा नं. ८ को कित्ता नं. १७४ र ९५२ को क्षेत्रफल कमश :३०४.७४ र ३३.८६ र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
११. श्री देवीप्रसादको नाति श्री सूर्यमणी पौडेलको छोरा कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ०६ बस्ने श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय नवलपरसी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरसी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गैडाकोट गा.वि.स. वडा नं. ०९ को कित्ता नं. क्रमश २७२८ को क्षेत्रफल ३२७.८४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop



# कम्युनिटी चेन व्यवसायमा जोड दिँदै ज्योति

ज्योति पौडेलले काठमाडौंका विभिन्न कलेजमा होटल म्यानेजमेन्ट पढाउछन् । त्यसका साथै उनले हस्पिटालिटी व्यवसायमा समेत काम गरिरहेका छन् । होटल म्यानेजमेन्ट पढेर विदेश गएका ज्योति ६ वर्षमा नेपाल फर्किएर अहिले कम्युनिटी चेन क्याफे व्यवसायमा व्यस्त छन् । प्राइम लोकेसन भन्दा फरक स्थान रोज्दै काठमाडौंमा गल्ली भित्र क्याफे खेलेर व्यापार गरिहेका छन् उनले । ब्राण्डीङ गरेर व्यापारलाई अगाडि बढाउन सकिन्छ भन्ने आत्मविश्वासको साथ सुपो चिया चौतारीबाट व्यापार शुरु गरेका थिए उनले । अहिले चियासँगै पिज्जा, विन्यानी समेत थपेर चेन क्याफेको रुपमा अहिले नाङ्लोमा पिजा, बिरयानी र चियालाई अगाडी बढाएका छन् ज्योति । प्रस्तुत छ, नाङ्लोमा पिज्जा, विन्यानी र चियाका सीईओ **ज्योति पौडेल**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**ज्योति पौडेल**
सीईओ, नाङलोमा पिज्जा, विन्यानी र चिया

**नाङ्लोमा पिज्जा विन्यानी र चिया बेच्ने योजना कसरी बन्यो ?**

नेपालको इतिहास हेर्ने हो भने सडकमा छेउ, चौतारी, चोकतिर नाङलोमा पसल गर्ने प्रचलन थियो । हाम्रो पुस्ताले आफै बारीमा रहेको निगालोबाट नाङलो (सुपो) बनाए । त्यो नाङलो घरायसी प्रयोजनमा प्रयोग त हुने नै थियो । सानो व्यापार गर्नेहरु समेत नाङलोमा राखेर व्यवसाय गर्ने गरेका थिए । नाङलो पसल नेपाली पुर्ख्यौली व्यवसाय हो । अब यसलाई ब्राण्डिङ गर्ने हो भने केही गर्न सकिन्छ भन्ने सोचका साथ सुरुमा सुपो चिया चौतारीबाट क्याफे सुरुवात गरौं । ग्राहकको माया बढ्दै जाँदा काठमाडौंको तीन स्थानमा थप आउटलेट बन्यो । तर, अहिले चियामात्र मात्र होइन खाजा समेत थप्यौं । खानामा पिज्जा र विन्यानी समेत थपेर नाङलोमा पिज्जा, विन्यानी र चियासँगैसगै कम्युनिटी चेन क्याफेको रुपमा अगाडि बढाएको छौं ।

**कम्युनिटी चेन क्याफे भन्नु भएको छ यो कसरी सञ्चालन हुन्छ ?**

हाम्रो क्याफे प्राइम लोकेनसमा होइन् । सहरको गल्लीभित्रका चोकमा हामीले व्यवसाय गर्ने उदेश्य छ । प्राइम लोकसनमा भाडा महँगो हुँदा महँगोमा बेच्नुपर्ने बाध्यता हुन्छ । त्यसलै स्वादमा र गुणस्तरमा सम्झौता नगर्न लोकेसनलाई आफैले स्थापित गर्ने हो भने ग्राहकहरु सन्तुष्ट बनाउन सकिन्छ भन्ने नै हो । हामीले किचनमा स्टार होटलमा काम गरेका कुक र हस्पिटालिटी पढेका र तालिम लिएका स्टाफबाट सेवा दिन्छौं । गल्लीमा व्यवसाय गर्ने हो भने छोटो समयमा प्राइम लोकसन भन्दा राम्रा व्यापार गर्न सकिन्छ सोच हामीले लिएका छौं । त्यहि आत्मविश्वास हो कम्युनिटी चेन क्याफेको अवधारणा ।

**नेपालमा चेन क्याफेको सम्भावना कस्तो छ ?**


हाम्रो देश सानो सानो व्यवसाय गर्ने उत्तम स्थान नै हो । विदेशमा गएर अर्कोको काम गरेर महिनाको ६०/७० हजार कमाउन मुस्किल छ । तर, नेपालमै चोक चोकमा परिवारले नै चलाएको चिया पसलले समेत बिदेशमा भन्दा राम्रो आम्दानी गरेका छन् । अब साना चिया पसल जस्तालाई विजनेस मोडलमा लैजानुपर्छ । अहिले साना चिया पसल एक परिवारको संलगनतामा चलिरहेका छन् । आफ्नो व्यसायाय विस्तार गर्न सकिरहेका छैनन् । तर नयाँ पुस्ता जो हस्पिटालिटी क्षेत्रमा अध्ययन गरिरहेका छन उनीहरुलाई उद्यमशीलता बनाउन आवश्यक छ । व्यवसाय सानो ठूलो हुँदैन । आज सानो व्यवसाय देशभर सञ्जाल विस्तार गरेर अन्तर्राष्ट्रिय चेन व्यवसाय समेत बन्न सक्छ । आज कसैले चियाबाट शुरु गरेको व्यवसाय फाइभस्टार होटलमा समेत लगानी गर्न सक्ने हुन्छ । चियाको आफनो टेष्ट दिन सक्ने हो भने चिया नबिक्ने काठमाडौंको कुनै चोक तथा गल्ली छैन ।

**कस्ता ग्राहक तपाईंको क्याफेको टार्गेटमा पर्छन् ?**

अहिले लोकेसन भन्दापनि टेष्टका लागि ग्राहक क्याफेमा जाने प्रचलन छ । कम खर्चमा राम्रो सर्भिसको चाहना ग्राहकमा देखिन्छ । साथी भाइसँग चियाको चुम्की लगाएर सस्तो खाजामा खाने स्थान खोजी हामीले गरिरहेका हुन्छौं । आफैँ कामदार आफैँ मालिक भएर चलेको चिया पसल चोक चोकमा छन्, तर व्यवसायी चेन क्याफेले प्राइम लोकसन मात्र रोज्ने गर्छन् । त्यसलै मध्यम वर्गका ग्राहकले लोकेसन भन्दा पनि सफा, गुणस्तर र राम्रो आतिथ्यताको स्थान अभाव छ । हाम्रो टार्गेट ग्राहक उहाँहरु नै हो जो सस्तो मुल्यमा प्राइभ लोकेसनमा सञ्चालन भइरहेका क्याफेको सेवा लिन चाहिरहेका छन् । हाम्रो आफ्नै नयाँ टेष्ट दिन सक्ने योजनाका साथ व्यवसायमा होमिएका छौं । हामी थेरै होइन धेरै बेचेर व्यवसाय गर्ने योजना बनाइरहेको छौं । नेपालमा साना व्यवसाय अझै पनि पछाडि छन् । ब्राण्डिङ नहुँदा जति मेहनत गर्दा समेत व्यवसाय विस्तार हुन सकिरहेको छैन । अब नेपालमा साना व्यवसायमा चेन विजनेसको सम्भावना धेरै नै छ । सय कप चिया बेच्ने होइन हजार कप चिया बेच्ने योजना हाम्रो छ । कुनैपनि व्यवसायमा सफतता भनेको मेहनत हो । विदेशमा पनि काम गर्नैपर्छ, संघर्ष समेत उस्तै छ । विकसित मुलुकमा धेरै जसो बिजनेस सेट भइसकको अवस्था छ । तर, नेपालमा भने कम लगानी गरेर व्यवसाय गर्न सक्ने अवस्था छ ।

# पाँच वर्षभित्र अर्थतन्त्रको आकार १०३ खर्ब पुऱ्याउन ११२ खर्ब लगानी आवश्यक

**काठमाडौं/मस** – सोह्रौं पञ्चवर्षीय आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)ले आगामी पाँच वर्षभित्र मुलुकको अर्थतन्त्रको आकार एक सय तीन खर्ब हाराहारी पुर्याउन करिब एक सय १२ खर्ब लगानी आवश्यक पर्ने देखाएको छ । चालु आव २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) उपभोक्ता मूल्यमा ५७ खर्ब पाँच अर्ब पुग्ने अनुमान गरिएको छ । सोह्रौं पञ्चवर्षीय आवधिक योजनाले राखेको लक्ष्यअनुसारको वृद्धिदर हासिल भई मुलुकको अर्थतन्त्र विस्तार हुँदा योजनाको अन्तिम वर्ष जिडिपीको आकार एक सय खर्ब नाघ्नेछ । पाँच वर्षपछि अर्थात् आव २०८५/८६ मा जिडिपीको आकार गत आव २०७९/८० को मूल्यमा ८० खर्ब १९ अर्ब ७६ करोड र प्रचलित मूल्यमा एक सय तीन खर्ब सात अर्ब ३२ करोड पुग्ने अनुमान गरिएको छ ।




यसरी पाँच वर्षभित्र अर्थतन्त्रको आकार एक सय खर्ब नाघ्ने सरकारी लक्ष्य भेट्टाउन जिडिपीको आकारभन्दा ठूलो लगानी आवश्यक पर्नेछ । 'सोह्रौं योजना अवधिमा आधारभूत मूल्यमा औसत सात दशमलव एक प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न कुल स्थिर पुँजी लगानी आव २०८०/८१ को मूल्यमा ९४ खर्ब ८२ अर्ब ६६ करोड आवश्यक पर्ने अनुमान गरिएको छ', सौह्रौं योजनामा भनिएको छ, 'समग्र लगानीलाई प्रचलित मूल्यमा परिणत गर्दा योजना अवधिमा कुल एक सय ११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान छ ।'

चालु आवको मूल्यमा आधारित लगानीको अवस्था हेर्दा आगामी पाँच वर्षमा कृषि क्षेत्रमा छ खर्ब ६८ अर्ब २५ करोड र गैरकृषि क्षेत्रमा ८८ खर्ब १४ अर्ब ४१ करोड लगानी हुने अनुमान गरिएको छ । सोह्रौं योजनाको प्रक्षेपित आर्थिक वृद्धि हासिल गर्न समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी परिचालन गर्ने लक्ष्य सरकारले राखेको छ । सोह्रौं योजना कार्यान्वयन अवधिमा हुने कुल लगानीमध्ये सार्वजनिक क्षेत्रबाट २८ खर्ब ६३ अर्ब ७६ करोड, निजी क्षेत्रबाट ६३ खर्ब ७२ अर्ब ३५ करोड र सहकारी तथा सामुदायिक क्षेत्रबाट दुई खर्ब ४६ अर्ब ५५ करोड लगानी हुने अनुमान गरिएको छ । यो चालु आव २०८०/८१ को मूल्यमा आधारित लगानी हो । प्रचलित मूल्यमा भने यस्तो लगानी सार्वजनिक क्षेत्रबाट ३३ खर्ब ७७ अर्ब ६४ करोड, निजी क्षेत्रबाट ७५ खर्ब १५ अर्ब ८० करोड र सहकारी क्षेत्रबाट दुई खर्ब ९० अर्ब ७९ करोड बराबर रहने अनुमान छ । जसअनुसार कुल लगानीमा सार्वजनिक क्षेत्रबाट हुने लगानी ३० दशमलव दुई, निजी क्षेत्रबाट हुने लगानी ६७ दशमलव दुई र सहकारी क्षेत्रबाट हुने लगानी दुई दशमलव छ प्रतिशत रहनेछ ।

आवधिक योजनाले राखेको आगामी पाँच वर्षको अनुमानित लगानीलाई सार्थक बनाउन सरकारी तथा सार्वजनिक संस्थान र निजी क्षेत्रबाट प्राप्त स्रोतहरु परिचालन गर्ने सोह्रौं योजनामा उल्लेख छ । 'परम्परागत स्रोतहरुबाट मात्र आवश्यक लगानी पूर्ति गर्न अपर्याप्त हुनेहुँदा नयाँ वैकल्पिक स्रोतहरुको समेत पहिचान गरिएको छ र सोहीबमोजिम परिचालन गरिनेछ', सोह्रौं योजनामा भनिएको छ, 'परम्परागत स्रोतको रुपमा सरकारी राजस्व, वैदेशिक सहायता, सार्वजनिक ऋण, निजी क्षेत्रले गर्ने शेयर पुँजी तथा कर्जा लगानी रहनेछन् भने वैकल्पिक स्रोतका रुपमा प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक-निजी साझेदारी, मिश्रित लगानी, आयोजना विकास ऋणपत्र, प्राकृतिक स्रोतको भण्डारबाट आय प्रवाह, हरित वित्त परिचालन, जलवायु वित्त, कार्वन कर र विभिन्न सार्वजनिक संस्थानका कोषमा रहेको स्रोत परिचालन हुनेछन् ।'

आगामी पाँच वर्ष अवधिमा प्राथमिक क्षेत्रको मूल्य अभिवृद्धि १५ खर्ब १६ अर्ब ७३ करोड, द्वितीय क्षेत्रको १० खर्ब ८१ अर्ब ९६ करोड र तृतीय क्षेत्रको ४५ खर्ब तीन अर्ब नौ करोड तथा समग्र मूल्य अभिवृद्धि ७१ खर्ब एक अर्ब ७८ करोड पुग्ने अनुमान गरिएको छ । त्यस्तै, सोह्रौं योजना अवधिमा मुद्रास्फीति दर पाँचदेखि छ प्रतिशतको बीचमा कायम गर्ने लक्ष्य राखिएको छ । यो अवधिमा उद्योग र सेवा क्षेत्रमा उच्च मूल्य अभिवृद्धिको कारण अर्थतन्त्रमा उल्लेखनीय संरचनात्मक परिवर्तन हुने अनुमान गरिएको छ । सोह्रौं योजनाको अन्तिम वर्ष जिडिपीमा प्राथमिक क्षेत्रको योगदान २४ दशमलव छ प्रतिशतबाट २१ दशमलव चार प्रतिशतमा झर्ने अनुमान गरिएको छ । त्यस्तै, द्वितीय क्षेत्रको योगदान १२ दशमलव पाँच प्रतिशतबाट वृद्धि भई १५ दशमलव दुई प्रतिशत पुग्ने अनुमान गरिएको छ । सेवा क्षेत्रको योगदान पनि ६२ दशमलव नौ प्रतिशतबाट बढेर ६३ दशमलव चार प्रतिशत पुग्ने अनुमान छ । यसबाट प्राथमिक क्षेत्रको तुलनामा द्वितीय क्षेत्रको विस्तार अधिक हुने र कृषि क्षेत्रमा आश्रित श्रमशक्तिको ठूलो हिस्सा उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने देखिन्छ ।

सोह्रौं आवधिक योजनाले राखेअनुसारको आर्थिक वृद्धिदर कायम भई अर्थतन्त्र विस्तार हुँदा नेपालीहरुको प्रतिव्यक्ति आयमा अहिलेको तुलनामा उल्लेखनीय वृद्धि हुनेछ । हाल विद्यमान जनसङ्ख्या वृद्धिदर सोह्रौं योजना अवधिमा कायम रहने अनुमानका आधारमा योजनाको अन्तिम वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु तीन लाख ३१ हजार अर्थात् दुई हजार तीन सय १९ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । यसैगरी आव २०८५/८६ मा वर्ष प्रतिव्यक्ति आय दुई हजार तीन सय ५१ डलर पुग्ने अनुमान गरिएको छ । अहिले प्रतिव्यक्ति राष्ट्रिय आय एक हजार चार सय ५६ डलर बराबर छ ।

सोह्रौं योजना अवधिमा अनावश्यक उपभोग कटौती गरी बचतलाई प्रोत्साहित गर्ने र कुल स्थिर पुंजी निर्माणमा उल्लेख्य बढोत्तरी गर्ने नीति सरकारले लिएको छ । आगामी आवधिक योजना कार्यान्वयनको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च र कुल गार्हस्थ्य बचत क्रमशः ९१ दशमलव पाँच प्रतिशत र आठ दशमलव दुई प्रतिशत रहने प्रक्षेपण गरिएको छ । कुल राष्ट्रिय बचत भने कुल गार्हस्थ्य उत्पादनको ३९ प्रतिशत पुर्याउने लक्ष्य लिइएको छ । यसैगरी, कुल स्थिर पुंजी निर्माण कुल गार्हस्थ्य उत्पादनको २८ दशमलव छ प्रतिशत कायम हुने अनुमान गरिएको छ । कुल स्थिर पूंजी निर्माणमा सरकारी क्षेत्रको ३० दशमव दुई प्रतिशत र निजी तथा सहकारी क्षेत्रसमेतको हिस्सा ६९ दशमलव आठ प्रतिशत रहने अनुमान गरिएको छ ।

आगामी पाँच वर्ष अवधिमा १२० खर्ब ६३ अर्ब ३२ करोड सरकारी खर्च हुने अनुमान गरिएको छ । यस अनुमानित खर्चमध्ये ४५ खर्ब ७१ अर्थ ७९ करोड चालु खर्च, २७ खर्ब ७१ अर्ब चार करोड पुँजीगत खर्च, २२ खर्ब ५७ अर्ब ७५ करोड वित्तीय व्यवस्था र २४ खर्ब ६२ अर्ब ७४ करोड वित्त हस्तान्तरण अर्थात् प्रदेश र स्थानीय तहलाई दिइने अनुदानमा खर्च हुने अनुमान गरिएको छ । यो पाँच वर्ष अवधिको सरकारी खर्च व्यहोर्ने प्रमुख स्रोतको रुपमा संघीय राजस्वले ८४ खर्ब ६५ अर्ब १५ करोड योगदान गर्ने अनुमान गरिएको छ ।

त्यस्तै, तीन तहमा बाँडफाँट हुने राजस्वसमेत कुल ९५ खर्ब ३० अर्ब ६० करोड परिचालन हुने अनुमान गरिएको छ । योजना अवधिमा १७ खर्ब ५२ अर्ब ३० करोड वैदेशिक सहायता प्राप्त हुने अनुमान गरिएको छ । योजना अवधिको राजस्व तथा वैदेशिक सहायता परिचालन गर्दा न्यून हुने अनुमानित रकम १८ खर्ब ४२ अर्ब दुई करोड आन्तरिक ऋणबाट व्यहोर्नुपर्ने प्रक्षेपण गरिएको छ ।

# नाट्टा अध्यक्षमा थपलिया

**काठमाडौं/मस** - नेपाल एसोसिएसन अफ टुर्र एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)को अध्यक्षमा कुमारमणि थपलिया निर्वाचित भएका छन् । निकटतम प्रतिद्वन्द्वी प्रमोद दाहाललाई पराजित गर्दै उनी अध्यक्षमा निर्वाचित भएका हुन् । नाट्टाको कोषाध्यक्ष र महासचिव भइसकेका नवनिर्वाचित अध्यक्ष थपलिया विगत डेढ दशकदेखि टुर, ट्राभल र ट्रेकिङ व्यवसायमा आबद्ध हुँदै आएका छन् । नाट्टाको ५७औं वार्षिक साधारणसभा एवं निर्वाचनबाट वरिष्ठ उपाध्यक्षमा जिस्वा तुलाधर र उपाध्यक्षमा घनश्याम घिमिरे यसअघि नै निर्विरोध निर्वाचित भएका छन् । महासचिवमा युविका भण्डारी विजयी भएकी छन् । सचिवमा विष्णु पाण्डे, कोषाध्यक्षमा सुरेश अमगाई र सहकोषाध्यक्षमा ढकनाथ काफ्ले निर्विरोध निर्वाचित भएको नाट्टाका निर्वाचन अधिकृत अरुण पौड्यालले



जानकारी दिए । यस्तै सदस्यमा श्रद्धा जोशी, रामशोभित राय, कृष्णप्रसाद ढकाल, विदुरप्रसाद खतिवडा, सुदर्शन पौड्याल, कृष्णप्रसाद ढकाल, विजय रिजाल र रमाकुमारी प्याकुरेल विजयी भएको निर्वाचन अधिकृत पौड्यालले बताए । सञ्चारकर्मीसँग कुरा गर्दै नवनिर्वाचित अध्यक्ष थपलियाले सरकारको आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्यलाई पूरा गर्न आफूले पहल गर्ने बताए ।

**Invitation for Bids**

## Narayani Secondary School
**Maiwakhola Rural Municipality-3**
**Sanghu, Taplejung**
**Koshi Province**
**First Date of publication: 2081/02/27 (9th June 2024)**

1. Narayani Secondary School, Maiwakhola-3, Taplejung invites electronic bids from eligible bidders for the construction of school building as mentioned below work:
**Under National Competitive Bidding - Single Stage, Single Envelope Bidding procedures.**

| S N | Contract ID | Description of Project | Estimate Amount (Without VAT & PS) | Bid Security Amount (Rs) | Cost of the Bidding Document (Rs) | Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | NSS/NCB/ WORKS/ 2080/081-01 | Construction of School Building | NRs 8,813,350.75 | NRs. 250,0000/- | Rs. 3,000/- | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Narayani Secondary School. Maiwakhola-3, Taplejung, narayaniss2008@gmail.com,; 984-0991274 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The bidder who chooses to submit their bid may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically only, should deposit the non-refundable fee mentioned above as per the project of the bidding Document till 30 days during office hour, in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Laxmi Sunrise Bank Sanghu Branch, Maiwakhola-3, Sanghu, Taplejung
Bid Document Purchase: - Account no.: 0760605713701003
Account Name: NARAYANI MA.BI. ANTARIK RAJASWA
Bid Security Deposit: - Account no.: 0760605713701002
Account Name: NARAYANI MA.BI. DHARAUTI KHATA
4. Pre-bid meeting shall be held at Narayani Secondary School, Maiwakhola-3, Sanghu, Taplejung at 2081/03/17 at 02:00 PM. Or may email the queries to narayaniss2008@gmail.com.
5. Electronic bids must be submitted to the office Narayani Secondary School, Maiwakhola-3, Sanghu, Taplejung through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2081/03/25. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 2081/03/25 at NS School office. Bids must be valid for a period of as mentioned above as per project, after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned above as per project which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.

**Principal**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**